# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७६ | काठमाडौं | बुधबार, २१ माघ २०८२ | Prabhab National Daily | Wednesday, 04 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रतिनिधिसभा सदस्य निर्वाचन

# कांग्रेस, नेकपा र रास्वपाले खटाए देशभर प्रतिनिधि, एमालेको छैन टुंगो

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दलहरूले धमाधम निर्वाचन प्रतिनिधि खटाउन थालेका छन्। निर्वाचन मिति नजिकिएसँगै परिणाम आफ्नो पक्षमा पार्न दलहरूले देशभर निर्वाचन प्रतिनिधि खटाउन थालेका हुन्।

यसरी प्रतिनिधि खटाउनेमा नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दल छन्। नेकपा एमालेले भने अहिलेसम्म प्रतिनिधि खटाउने निर्णय गरेको छैन।

कांग्रेसले मंगलबार निर्वाचनलाई लक्षित गर्दै सातवटै प्रदेशमा केन्द्रीय प्रतिनिधि खटाएको छ। उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा रहेको 'निर्वाचन परिचालन समिति'ले सातवटै प्रदेशमा पार्टीको अवस्था बुझ्न नेताहरूलाई खटाएको हो। कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार पार्टीले तोकेका केन्द्रीय प्रतिनिधिले सम्बन्धित प्रदेशभित्रका जिल्लामा पार्टीको अवस्था बुझ्ने र आवश्यक विषयमा केन्द्रीय तहमा समन्वय गर्ने छन्।

- केन्द्रीय प्रतिनिधिलाई सम्बन्धित प्रदेशभित्रका जिल्लामा पार्टीको अवस्था बुझ्न र आवश्यक विषयमा केन्द्रीय तहमा समन्वय गर्न कांग्रेसको निर्देशन
- समानुपातिक मत आफ्नो पक्षमा पार्ने रणनीतिका साथ उपसभापति डोलप्रसाद अर्यालको संयोजकत्वमा देशभर प्रतिनिधि खटाउँदै रास्वपा
- निर्वाचन परिचालनको प्रभावकारी अनुगमनका लागि भन्दै नेकपाले खटायो देशभर नेता

उनका अनुसार कांग्रेसले कोशी प्रदेशका ताप्लेजुङ, इलाम, पाँचथर र झापा जिल्लामा सहमहामन्त्री डा. डीला संग्रौलालाई खटाएको छ। कोशीमा संग्रौलासँगै निवर्तमान सहमहामन्त्री भिष्मराज आङ्देम्बे, सुधीरकुमार शिवाकोटी र सुरेश सुब्बालाई खटाइएको छ। कोशीका संखुवासभा, तेह्रथुम भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा नेताहरू अमृत अर्याल, मीन विश्वकर्मा, तारामान गुरुङ र उमेशजंग रायमाझी खटिएका छन्। सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, उदयपुर, सिराहा र सप्तरीमा बसन्त भट्टराई, नगेन्द्र कुमाल, प्रमिला राई र धर्म नेपाली दर्जी खटिएका छन्।

यसैगरी बागमती प्रदेशका धादिङ, रसुवा, नुवाकोट र काठमाडौंका लागि बहादुरसिंह लामाको नेतृत्वमा डा. केदारनरसिंह केसी, राजेन्द्रकुमार केसी, प्रतिमा गौतम, जीतनारायण श्रेष्ठ र डा. अमिता प्रधानलाई जिम्मेवारी दिइएको छ। काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र मकवानपुरमा जीपछिरिङ लामा, हरिशरण नेपाली, उर्मिला थपलिया, उमा दाहाल र गीता सत्याललाई खटाइएको छ।

भक्तपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक र चितवनमा अर्जुननरसिंह केसी, दिलमान पाखिन, धना खतिवडा, मधुराप्रसाद घिमिरे र धर्मराज गौतम खटिएका छन्।

यस्तै गण्डकी प्रदेशका पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका लागि चीनकाजी श्रेष्ठ, मनकुमारी गुरुङ, कृष्णबहादुर केसी र चिनु पोखरेल खटिएका छन्।

क्रमशः पृष्ठ २ मा

# पाँचथरमा त्रिपक्षीय प्रतिस्पर्धा

कांग्रेसका नरेन्द्रकुमार केरूङ, एमालेका अइन्द्रसुन्दर नेम्बाङ र नेकपाका हर्क नेम्बाङबीच प्रतिस्पर्धा हुँदै, श्रम संस्कृति पार्टीका हस्तराज सेर्मा टक्कर दिँदै

अब भाषण होइन, काम चाहन्छन् पाँचथरका मतदाता

■ जेबी योञ्जन


नरेन्द्रकुमार केरुङ


अइन्द्रसुन्दर नेम्बाङ


हर्क नेम्बाङ


हस्तराज सेर्मा

**काठमाडौं–** पाँचथरमा प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारहरूले परम्परागत नाराभन्दा प्रत्यक्ष नतिजा र देखिने कामलाई मुख्य एजेण्डा बनाएका छन्। रोजगारी, सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र पर्यटनजस्ता आधारभूत क्षेत्रमा मतदाताले तत्काल सुधारको माग गर्न थालेपछि सोहीअनुसार उम्मेदवारहरूले चुनावी एजेण्डा बनाएका हुन्। पाँचथरको गाउँबस्ती हुँदै बजारसम्म फैलिएको एउटै आवाज छ, 'अब भाषण होइन, काम चाहियो।'

यही जनभावनालाई आधार बनाएर नेपाली कांग्रेसका उम्मेदवार नरेन्द्रकुमार केरुङ आफूलाई काममा विश्वास गर्ने नेताका रूपमा प्रस्तुत गरिरहेका छन्। घरदैलो अभियानमा मतदाताबाट आएको प्रतिक्रियालाई उद्धृत गर्दै केरुङले प्रभावसँग भने, 'जनताले अब नारा होइन, नतिजा खोजिरहेका छन्। रोजगारी, सडक, खानेपानी, शिक्षा र स्वास्थ्यमा प्रत्यक्ष सुधार चाहिएको बताएका छन्।'

पहिलोपटक प्रतिनिधिसभा उम्मेदवार बनेका केरुङ आफू र जनताबीचको सम्बन्ध पुरानो भएको दाबी गर्छन्। ३५ वर्षदेखि जनसेवामा सक्रिय रहेको उल्लेख गर्दै उनले जिल्लाको दुर्दिम्बादेखि फलैंचासम्मका बस्तीमा जनताको पीडा र चाहना नजिकबाट बुझेको दाबी गरेका छन्।

जेन-जी विद्रोहपछि बदलिएको राजनीतिक वातावरणमा पुरानो दलको उम्मेदवार हुनु असहज नभई झनै सहज भएको केरुङको दाबी छ। 'परिवर्तनको जग नै नेपाली कांग्रेस हो,' उनी भन्छन्। निर्वाचित भए प्रत्येक तीन महिनामा 'सांसदसँग जनता' कार्यक्रम सञ्चालन गर्ने, कृषि उद्योगलाई पाँचथरको समृद्धिको मेरुदण्ड बनाउने र युवालाई जिल्लामै रोजगारी सिर्जना गर्ने योजना अघि सारेका छन्। अलैंची, अदुवा, जडीबुटी, अम्रिसो, किवी, आलु र नासपातीजस्ता उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धिमा जोड दिने उनको प्रतिबद्धता छ।

नेकपा एमालेले पाँचथरको चुनावलाई केवल स्थानीय प्रतिस्पर्धा नभई राष्ट्रियता, संविधान र लोकतन्त्रको रक्षा गर्ने निर्णायक लडाइँका रूपमा व्याख्या गरेको छ। एमालेबाट उम्मेदवार बनेका अइन्द्रसुन्दर नेम्बाङ आफ्नो उम्मेदवारी देशको सार्वभौमसत्ता र जनअधिकारको संरक्षणसँग जोडिएको बताउँछन्। दोस्रो संविधानसभा सदस्यसमेत रहेका नेम्बाङका लागि यो प्रतिनिधिसभा निर्वाचन पहिलो अवसर हो। पूर्वमन्त्री वसन्तकुमार नेम्बाङले २०७४ र २०७९ मा हासिल गरेको जितको विरासत जोगाउँदै एमालेको 'ह्याट्रिक' जित कायम राख्ने जिम्मेवारीसमेत उनकै काँधमा छ।

क्रमशः पृष्ठ २ मा

जनताले अब नारा होइन, नतिजा खोजिरहेका छन्। रोजगारी, सडक, खानेपानी, शिक्षा र स्वास्थ्यमा प्रत्यक्ष सुधार चाहेका छन्। जनताको यो भावना बुझेको छु। यसलाई सम्बोधन गर्न सक्ने भनेको कांग्रेसले मात्रै हो।

■ **नरेन्द्रकुमार केरूङ**
कांग्रेस उम्मेदवार

मेरो उम्मेदवारी देशको सार्वभौमसत्ता र जनअधिकारको संरक्षणसँग जोडिएको छ। राष्ट्रियता जोगाउन, संविधानको रक्षा गर्न र लोकतन्त्र जोगाउन म चुनावी मैखदानमा आएको हुँ।

■ **अइन्द्रसुन्दर नेम्बाङ**
एमाले उम्मेदवार

जहाँ-जहाँ पुगेको छु, जनताको प्रतिक्रिया उत्साहजनक छ। समृद्ध पाँचथर र विकसित पाँचथर बनाउन नेतृत्व गर्दै संसद्मा पाँचथरको आवाज सशक्तरूपमा उठाउने मेरो प्रतिबद्धता छ।

■ **हर्क नेम्बाङ**
नेकपा उम्मेदवार

## यस्तो छ विगतको चुनावी परिणाम

गत प्रतिनिधिसभा निर्वाचनमा देशमै सर्वाधिक कम मतान्तरले कुनै उम्मेदवार निर्वाचित भए भने उनी हुन्- वसन्तकुमार नेम्बाङ। एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको पाँचथरमा उनी तत्कालीन नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको समर्थनप्राप्त कांग्रेस उम्मेदवार भीष्मराज आङ्देम्बेलाई ४६ मतान्तरले पराजित गर्दै संसद् पुगे।

निर्वाचन आयोगका अनुसार नेम्बाङले ३२ हजार १३५ मत र आङ्देम्बेले ३२ हजार ८९ मत पाए। त्यसअघि २०७४ मा यहाँ एमाले-माओवादीको वाम गठबन्धनबाट नेम्बाङ नै निर्वाचित भएका थिए। २०७० को संविधानसभा निर्वाचनमा भने पाँचथरमा दुईवटा निर्वाचन क्षेत्र थिए। क्षेत्र नम्बर-१ बाट एमालेका गणेश काम्बाङ र क्षेत्र नम्बर-२ बाट कांग्रेसका भीष्मराज निर्वाचित भएका थिए।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# 'फ्रि भिसा, फ्रि टिकट' खारेज गर्न 'एक्सन'मा उत्रिए श्रममन्त्री

श्रमिक ठगी गर्न बनाइएका अभिमुखीकरण, तालिमलगायतका कार्यविधि एक महिनाभित्र खारेज गरिने

आफ्नो कार्यकालमै श्रमिकका नाममा भएका सबै 'सिण्डिकेट' हटाउने उद्घोष

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारीमा कामदार पठाउन लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान अव्यवहारिक देखिएको भन्दै यसलाई खारेज गरिने बताएका छन्।

सिंहदरबारस्थित श्रम मन्त्रालयमा मंगलबार आयोजित मन्त्रालय मातहतका निकायहरूको चालु आर्थिक वर्षको अर्धवार्षिक प्रगति समीक्षामा मन्त्री भण्डारीले उक्त प्रावधानसहितको कार्यविधि तत्काल खारेजीको निर्णय लिनुपर्ने भन्दै प्रक्रिया अघि बढाउन कर्मचारीहरूलाई निर्देशन दिए।

'फ्रि भिसा, फ्रि टिकट- चुनाव प्रचारमै 'बिना ढेउबाके' भन्ने हुन्थ्यो। यस्तो किसिमको अलमल र पपुलिज्मको मुद्दालाई लिएर कहिलेसम्म हामी गुम्राहमा बस्ने ?,' श्रममन्त्री भण्डारीले भने, 'यसलाई खारेज गरौं। जहाँ फ्रि हुन्छ, त्यसलाई राखौं। सेवा प्रवर्द्धनको कुरा छ भने राखौं। व्यवसायीहरूलाई अनावश्यक दुःख दिने, हैरान दिने काम नगरौं। यो निर्णय लिनलाई नडराऔं। अहिले निर्णय लिएन भने कसले लिन्छ जोखिम ?'

'फ्रि भिसा, फ्रि टिकट' चुनाव प्रचारमै 'बिना ढेउबाके' भन्ने हुन्थ्यो। यस्तो किसिमको अलमल र पपुलिज्मको मुद्दालाई लिएर कहिलेसम्म हामी गुम्राहमा बस्ने ? यसलाई खारेज गरौं। यो निर्णय लिनलाई नडराऔं। अहिले निर्णय लिएन भने कसले लिन्छ जोखिम ?

■ **राजेन्द्रसिंह भण्डारी**
मन्त्री, श्रम रोजगार तथा सामाजिक सुरक्षा



तत्कालीन श्रम तथा रोजगार राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ असार २१ गते प्रमुख ७ श्रम गन्तव्य मुलुक (साउदी अरेबिया, कतार, बहराइन, कुवेत, ओमान, युएई र मलेसिया) मा जाने नेपाली कामदारको भिसा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय गरेका थिए। उक्त निर्णय भोलिपल्ट अर्थात् असार २२ गतेबाटै लागू गरिएको थियो। तर, वर्षौं बित्दा पनि निर्णय कागजमै सीमित रह्यो। म्यानपावर व्यवसायीले श्रमिकसँग सेवा शुल्कबापत १० हजार रूपैयाँमात्र लिन पाउने व्यवस्था भए पनि अवैधरूपमा चर्को सेवा शुल्क लिने गरेका छन्। जसकारण वैदेशिक रोजगारीमा जाने श्रमिक अदृश्यरूपमा पीडित बन्दै आएका थिए।

त्यसो त वैदेशिक रोजगार व्यवसायीहरूले 'फ्रि भिसा, फ्रि टिकट' खारेजीका लागि लबिइङ गर्दै आएका थिए। निवर्तमान श्रममन्त्री शरतसिंह भण्डारीलेसमेत यो प्रावधान खारेजीका लागि प्रक्रिया अगाडि बढाएका थिए।

'सिण्डिकेट' हटाउने उद्घोष

वर्तमान श्रममन्त्री भण्डारीले श्रमिक ठगी गर्न बनाइएका अभिमुखीकरण, तालिमलगायतका कार्यविधिसमेत एक महिनाभित्रमा खारेज गरिने बताए। उनले आफ्नो कार्यकालमै श्रमिकका नाममा भएका सबै 'सिण्डिकेट' हटाउन आवश्यक रहेको बताउँदै यस्ता कार्यविधि खारेज गर्ने निर्णय लिएको जानकारी दिए।

क्रमशः पृष्ठ २ मा

# समानुपातिकतर्फ ६३ दलका ३१३५ उम्मेदवार कायम

■ प्रभाव संवाददाता




- १७३२ महिला र १३६३ पुरूष उम्मेदवार
- ७६ जना उम्मेदवार हटाइए
- कायम भएका उम्मेदवारले नाम फिर्ता लिन नपाउने, प्रचारप्रसार गर्न पाउने

**काठमाडौं–** निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको अन्तिम बन्दसूची सार्वजनिक गरेको छ। आयोगले बन्दसूचीमा ६३ दलले प्रस्ताव गरेका तीन हजार १३५ उम्मेदवारको नामावलीलाई अन्तिम रूप दिँदै सार्वजनिक गरेको हो।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार सार्वजनिक सूचीमा महिलाको संख्या पुरुषभन्दा बढी छ। यसमा एक हजार ७३२ महिला र एक हजार ३६३ पुरुष उम्मेदवार कायम छन्। गत पुसको दोस्रो साता दलहरूले आयोगमा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत विभिन्न समावेशी समूहबाट उम्मेदवार हरूको बन्दसूची बुझाएका थिए। त्यसबीचमा दलहरूका कतिपय उम्मेदवारले उम्मेदवारी फिर्ता लिने बेलामा फिर्तासमेत लिए। कतिको उजुरी परेका कारण उम्मेदवारी कायम रहेन।

समानुपातिक प्रणालीअन्तर्गत प्रतिनिधिसभाका २७५ सदस्यमध्ये ११० जना उम्मेदवार समानुपातिक पद्धतिबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यस प्रणालीमा मतदाता व्यक्तिगत उम्मेदवारलाई नभई राजनीतिक दललाई मतदान गर्छन्। दलले प्राप्त गरेको कूल सदर मतको आधारमा सिट बाँडफाँट गरिन्छ।

निर्वाचन ऐन, २०७४ अनुसार दलहरूले आफ्नो उम्मेदवार सूची तयार गर्दा कम्तीमा ५० प्रतिशत महिला प्रतिनिधित्व र तोकिएको खस आर्य, आदिवासी जनजाति, थारू, दलित, मधेसी र मुस्लिम समुदायको अनुपात (क्लस्टर) सुनिश्चित गर्नुपर्छ। आयोगले यो प्रावधानको कडाइका साथ जाँचबुझ गरेको छ।

आयोगका अनुसार सुरुआती सूचीमा दोहोरिएका नाम, कागजात अपुग भएका उम्मेदवार र दाबी विरोधमा रहेका व्यक्तिहरूको नाम हटाइएपछि मात्र अन्तिम सूची तयार गरिएको हो। आयोगले सोमबार समानुपातिकतर्फका ७६ जना उम्मेदवारको नाम बन्दसूचीबाट हटाएको थियो। उमेर नपुगेका, मतदाता नामावलीमा नाम नभएका, जरिवाना नतिरेका, कालोसूचीमा रहेकाहरूको नाम आयोगले बन्दसूचीबाट हटाइएको हो।

आयोगका सहायक प्रवक्ता जिसीका अनुसार कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना, प्रदेशसभाको बन्दसूचीतर्फ नाम कायम भएका २५ जना, आयोगको जरिवाना भुक्तान नगरेका १०, २५ वर्ष उमेर नपुगेका चार, मतदाता नामावलीमा समावेश नभएका एक, मतदाता नामावली पिछडिएको क्षेत्रमा नरहेका दुई, महिलाको ठाउँमा पुरुष उम्मेदवारको रूपमा पेस भएका एक,

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### पाँचथरमा...

'मेरो उम्मेदवारी राष्ट्रियता जोगाउन, संविधानको रक्षा गर्न र लोकतन्त्र जोगाउन हो,' नेम्बाङ भन्छन् । एमालेको पार्टी संगठन पूर्णरूपमा एकताबद्ध रहेको दाबी गर्दै उनले संगठनात्मक शक्ति, कार्यकर्ताको एकता र जनताको उत्साहलाई आफ्नो जितको मुख्य आधार बताएका छन् । कुम्मायक र तुम्बेवाका खानेपानी समस्या समाधानतर्फ अघि बढेको, पाँचथर अस्पताललाई पूर्वी क्षेत्रकै प्रमुख स्वास्थ्य संस्थाका रूपमा विकास गरिएको र शिक्षा क्षेत्रमा सुधार भइरहेको उनको दाबी छ । कृषि, पर्यटन र उद्योगलाई जोडेर रोजगारी सिर्जना गर्ने एमालेको एजेण्डालाई उनले मुख्य चुनावी प्रतिवद्धताका रूपमा अघि सारेका छन् ।

प्रतिस्पर्धामा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार हर्क नेम्बाङ पनि प्रभावशाली रूपमा देखिएका छन् । पहिलोपटक संसदीय चुनावमा होमिएका उनले २६ वर्षदेखि पार्टीको पूर्णकालीन कार्यकर्ताका रूपमा पाँचथरको जनस्तरमा काम गरेको अनुभवलाई जितका लागि आफ्नो मुख्य पुँजी मानेका छन् । 'जहाँ-जहाँ पुगेको छु, जनताको प्रतिक्रिया उत्साहजनक छ,' उनले भने ।

निर्वाचनमा जित हासिल भएमा समृद्ध पाँचथर र विकसित पाँचथर बनाउन नेतृत्व गर्ने र संसद्मा पाँचथरको आवाज सशक्तरूपमा उठाउने उनको प्रतिबद्धता छ । यसबाहेक उनले पहाडी जिल्लामा तीव्र बसाइँसराइ गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्दै त्यसलाई रोक्न स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रमा नयाँ ढंगले सोच्नुपर्ने आवश्यकता औंल्याएका छन् । ताप्लेजुङ र तेह्रथुमसमेतलाई समेट्नेगरी सरकारी मेडिकल कलेज स्थापना गर्ने प्रस्ताव, हरेक घर आत्मनिर्भर नारासहित कृषि केन्द्रित रोजगारी कार्यक्रम अघि सारेका छन् ।

तीन प्रमुख उम्मेदवारबीचको त्रिपक्षीय प्रतिस्पर्धाले पाँचथरको निर्वाचनलाई थप रोचक बनाएको छ । तर मतदाताको साझा चाहना एउटै छ, 'यो चुनाव जित्नेले भाषण होइन, देखिने, मापनयोग्य र जनताको जीवनमा प्रत्यक्ष असर गर्ने काम गरेर देखाउनुपर्ने छ ।' यही दबाबले यसपटक पाँचथरको चुनावलाई सिटको लडाइँमात्र नभई विश्वास, विश्वसनीयता र नतिजाको परीक्षा बनाइदिएको छ ।

चुनावी प्रतिस्पर्धामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले महेन्द्रविक्रम थाम्सुहाङलाई उम्मेदवार बनाएको छ । श्रम संस्कृति पार्टीबाट मुन्धुमी गायक हस्तराज सेर्मा (ब्रबिम), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट तेजकुमार कुरुम्बाङ, उज्यालो नेपाल पार्टीबाट टेकबहादुर लिम्बू, जनता समाजवादी पार्टीबाट मचिन्द्र बेघा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट भानुभक्त फियाक, राष्ट्रिय मुक्ति पार्टीबाट मित्र लिङ्देन, मंगोल नेसनल अर्गनाइजेसनबाट रामकुमार तुम्रोक, नेकपा माओवादीबाट विजय नेम्बाङ, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट प्रकाश काफ्ले र नेपाल मजदुर किसान पार्टीबाट लछुमन तामाङ उम्मेदवार छन् ।

कांग्रेस, एमाले र नेकपाबाहेक अन्य उम्मेदवारमध्ये श्रम संस्कृति पार्टीका उम्मेदवार हस्तराज सेर्माले चुनावी माहोल बनाएका छन् । उनले जिल्लाको गाउँ-गाउँसम्म माटो चुनाव चिह्नमा भोट मागिसकेका छन् । उनले प्रभावसँग भने, 'यसपटक जित माटोको हुन्छ, मैले जित्छु । पाँचथरे जनताले माटोलाई माया गर्नुहुन्छ ।' निर्वाचन अधिकृतको कार्यालयका अनुसार पाँचथरमा एक लाख ४३ हजार ४०७ जना मतदाता छन् । १०२ मतदानस्थलमा १७९ वटा मतदान केन्द्र छन् । यीमध्ये २९ वटा अति संवेदनशील, ६६ वटा संवेदनशील र सातवटा सामान्य स्थितिका मतदानस्थल छन् ।

■■■

### यस्तो छ....

त्यसअघि २०६४ को संविधानसभा निर्वाचनमा क्षेत्र नम्बर-१ बाट कांग्रेसका पूर्णकुमार सेर्मा र क्षेत्र नम्बर-२ बाट एमालेका डम्बरसिंह सम्बाहाम्फे निर्वाचित भएका थिए ।

त्यसअघि २०४८ र २०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा दुवै क्षेत्रमा एमाले उम्मेदवार निर्वाचित भएका थिए । क्षेत्र नम्बर-१ बाट वसन्तकुमार नेम्बाङ र क्षेत्र नम्बर-२ बाट डम्बरसिंह सम्बाहाम्फे निर्वाचित भएको इतिहास छ । तर, २०५१ को मध्यावधि निर्वाचनमा भने दुवै क्षेत्र एमालेले गुमाएको थियो । त्यसबेला क्षेत्र नम्बर १ मा कांग्रेसका दीपकप्रकाश बास्कोटा र क्षेत्र नम्बर २ मा राप्रपाका पद्मसुन्दर लावती निर्वाचित भएका थिए ।

आगामी २१ फागुनमा हुने निर्वाचनमा भने को निर्वाचित हुन्छन् ? निर्वाचन परिणामले नै बताउने छ ।

■■■

### कांग्रेस, नेकपा...

स्याङ्जा, कास्की, मनाङ र नवलपुरका लागि ध्रुव वाग्ले, जगदीशचन्द्र उपाध्याय, मनकुमारी गुरुङ, किरणराज शर्मा पौडेल खटिएका छन् । यस्तै गोरखा, लमजुङ र तनहुँका लागि अब्दुल सत्तार, रेशम बानियाँ, शारदा पौडेल र सरस्वती अर्याल तिवारी खटिएका छन् ।

लुम्बनी प्रदेशका रूपन्देही, पाल्पा, नवलपरासी र गुल्मीका लागि डा गोपाल दहित, गहेन्द्र गिरी, प्रदीप शर्मा र राजेन्द्रगोपाल सिंह खटिएका छन् । कपिलवस्तु, अर्घाखाँची, रूकुमपूर्व, प्यूठान र रोल्पाका लागि कृष्णकिशोर घिमिरे, मैकुलाल वाल्मिकी, छन्दबहादुर पहराई र केशव आचार्य रहेका छन् । दाङ, बाँके र बर्दियाका लागि चन्द्रबहादुर केसी, कमलप्रसाद भुसाल राधेश्याम पाठक र रंगमती शाही खटिएका छन् ।

यस्तै सुदूरपश्चिम प्रदेशको कन्चनपुर, बैतडी, दार्चुला र बझाङका लागि हिमबहादुर रावल, निपा चोख्याल र विद्यादेवी तिमिल्सिना खटिएका छन् । कैलाली र डडेलधुराका लागि जगतप्रसाद जोशी, सुनिता राना, डा. रणबहादुर रावल र नृपबहादुर वड खटिएका छन् । डोटी, अछाम र बाजुराका लागि नरेन्द्र भट्ट, सम्झना खत्री र सुशीला मिश्र भट्ट खटिएको कांग्रेस निर्वाचन परिचालन समितिले जानकारी दिएको छ ।

नेकपाले निर्वाचन परिचालनको प्रभावकारिता अनुगमन गर्ने नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सोमबार नै निर्वाचन परिचालनको प्रभावकारी अनुगमनका लागि भन्दै नेताहरूलाई खटाउने निर्णय गरेको छ । नेकपाको निर्वाचन परिचालन समितिको सचिवालयको बैठकले अनुगमनका लागि प्रदेशगत जिम्मेवारी तोकेको हो । नेकपाले कोशी प्रदेशमा बेदुराम भुसाल, मधेस प्रदेशमा अग्नि सापकोटा, बागमती प्रदेशमा राजेन्द्र श्रेष्ठ, गण्डकी प्रदेशमा देव गुरुङ, लुम्बिनी प्रदेशमा पम्फा भुसाल, कर्णाली प्रदेशमा प्रमेश हमाल र सुदूरपश्चिम प्रदेशमा रञ्जिता श्रेष्ठलाई जिम्मेवारी दिएको छ ।

त्यसैगरी, निर्वाचनका लागि अपिल छिट्टै सार्वजनिक गर्ने र घोषणापत्रलाई परिमार्जन गरी प्रकाशन गर्ने निर्णय पनि बैठकले गरेको नेकपा नेता अग्नि सापकोटाले जानकारी दिए । प्रचारप्रसार कार्यलाई व्यवस्थित बनाउन सापकोटाको नेतृत्वमा जगतनाथ खतिवडा र गोविन्द आचार्य सदस्य रहेको केन्द्रीय प्रचार समिति गठन गरिएको छ ।

### ५१ नेता खटाउँदै रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टीका उपसभापति डोलप्रसाद अर्यालको संयोजत्वमा ५१ सदस्यीय संघीय निर्वाचन सम्पादन समिति गठन गरेको छ । पार्टीका प्रवक्ता मनिष झाका अनुसार निर्वाचनलक्षित गतिविधिहरू सञ्चालन गर्न केन्द्रीय समितिको निर्णयानुसार समिति गठन गरिएको हो । समितिको सदस्यसचिवमा शंकर श्रेष्ठ रहेका छन् । यो समितिले विशेषगरी समानुपातिक मत तान्न ध्यान दिने र प्रत्यक्ष क्षेत्रमा उम्मेदवारहरू नै खटिने प्रवक्ता झाले बताए । 'सम्बन्धित क्षेत्रका उम्मेदवारहरू प्रत्यक्ष क्षेत्रमा खट्ने नै भए । उपसभापतिको नेतृत्वमा गठन भएको समितिले समानुपातिक मतमा ध्यान दिने छ,' झाले भने ।

रास्वपाले कोशीमा उपेन्द्र पाण्डेको नेतृत्वमा लक्ष्मी बर्देवा, ओमनाथ भण्डारी, चन्द्रशेखर सापकोटा, पुस्कर थापा, निरज गौली, रामकुमार थपलियालाई खटाएको छ । मधेसमा नमिता यादवको नेतृत्वमा महमद अयुब, हेमराज पोखरेल, यम श्रेष्ठ, प्रदिप तिमल्सेना, मानबहादुर लामा, बागमतीमा सरिता ज्ञवालीको नेतृत्वमा अरनिको पाँडे, सुरज प्रधान, लव विष्ट, प्रकाश आचार्य, दीपक विश्वकर्मा र सुमनविक्रम पाण्डेलाई खटाएको छ ।

गण्डकीमा तोयाराज अधिकारीको नेतृत्वमा प्रदीप पाण्डे, गोकुल सापकोटा, हरि जोशी, कृष्णमान श्रेष्ठ, प्रमिला शर्मा भुसाल र नवराज पुडासैनीलाई खटाएको छ । यता लुम्बिनीमा अर्जुन अधिकारीको नेतृत्वमा इश्रामुल्ला मिया, होम क्षेत्री, गोपाल घिमिरे, महेन्द्र गुप्ता, कल्पना पाण्डे र हरिप्रसाद रिजाललाई जिम्मेवारी तोकेको छ । कर्णालीमा श्यामबाबु गौतमको नेतृत्वमा प्रभात अधिकारी, गणेशदत्त देवकोटा, शंकर ढकाल, सुशील अधिकारी र साजन विकलाई खटाएको छ ।

सुदूरपश्चिममा डा. कृष्ण भेटवालको नेतृत्वमा लक्ष्मण थारु, खेमराज साउद, शिवराज पन्त, कविन्द्र ठकुल्ला, कृष्ण न्यौपाने र जमुना शर्मालाई खटाएको छ ।

नेकपा एमालेले भने प्रदेशगतरूपमा यसरी प्रतिनिधि खटाउने कुनै निर्णय गरि नसकेको पार्टीका प्रचार विभाग संयोजक मीनबहादुर शाहीले बताए । उनले प्रतिनिधि खटाउनेबारे अर्को बैठकमा छलफल हुने बताए । 'पार्टीले प्रतिनिधि खटाउने विषयमा कुनै निर्णय गरेको छैन । फागुन ४ गतेबाट औपचारिक सभा हुन्छ । केही दिनमा पार्टीले खटाउँला,' शाहीले भने ।

■■■

### 'फ्रि भिसा...

उनले यसअघि वैदेशिक रोजगारसम्बन्धी स्वास्थ्य परीक्षणमा तोकिएको अधिक शुल्क खारेज गरेका थिए । 'हामी कहाँ नीति, नियम देखाएर श्रमिकमाथि दुःख दिने गरिएको छ,' मन्त्री भण्डारीले भने, 'मेरो कार्यकालभित्र सबै सिण्डिकेट तोडिन्छ ।' त्यसपछि मन्त्रालयले नै श्रम स्वीकृतमार्फत विदेश पठाउने, निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने र अभिमुखीकरण तालिम पनि सञ्चालन गर्ने व्यवस्था ल्याइने उनको भनाइ छ ।

अर्धवार्षिक समीक्षामा मन्त्रालयको कार्यसम्पादनबारे छलफल भएको थियो । मन्त्रालयमातहतका विभाग र शाखाका प्रतिनिधिले आ-आफ्नो निकायमा पुस महिनासम्म भएको कार्यसम्पादन विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले मन्त्रालयका अधिकांश कार्य योजनाहरू विभाग र शाखाअन्तर्गत दोहोरिएको औंल्याउँदै त्यसको संक्षेपीकरण गर्न सुझाव दिए । 'एउटै कार्ययोजनामा दोहोरो बजेट नराखौं, त्यसलाई मर्ज गरेर अरू आवश्यक कार्यमा सदुपयोग गरौं,' उनले भने ।

कार्यक्रममा मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालयले हालसम्म चालु आवमा १६ प्रतिशतभन्दा पनि बढी बजेट खर्च नगरेकाले विभागहरूले कार्यक्रम सञ्चालनमा तीव्रता बढाउन निर्देशन दिए । साथै, उनले श्रमिकको हितसँग जोडिएको नेपाल सरकार र स्वीस सरकारको सहकार्यमा सञ्चालित 'सामी' परियोजनाको प्रभावकारितामाथि प्रश्न उठेकाले यसलाई पुनः समीक्षा गरेर कार्य सम्पादनमा जोड दिनुपर्ने बताए ।

■■■

### समानुपातिकतर्फ...

राजनीतिक दलबाट नाम हटाउन अनुरोध भएका १० र अन्य कारणबाट दुई जनाको नाम हटाइएको हो । हटाएकाहरूको बारेमा विस्तृत विवरण आयोगले वेबसाइटमा सार्वजनिक गरेको छ । अब सार्वजनिक सूचीमा नाम भएका उम्मेदवारहरूले मात्र प्रचारप्रसार गर्न पाउने छन् । अब नाम फिर्ता लिन भने पाउने छैनन् ।

आयोगले मतदातालाई समानुपातिक प्रणालीमा दलको नीति र उम्मेदवारको विविधता विचार गरेर मतदान गर्न सुझाव दिएको छ । यस प्रणालीमा दलले प्राप्त गरेको मतको आधारमा सिट बाँडफाँट हुने हुँदा मतदाताको भूमिका पनि निर्णायक हुन्छ ।

अन्तिम सूची सार्वजनिक भएपछि अब निर्वाचन प्रचारप्रसारको मुख्य केन्द्र उम्मेदवारको क्षमता, दलको प्रतिबद्धता र समावेशी प्रतिनिधित्वमा हुने छ ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Nasser Outsourcing Consultants Pvt.ltd. इजाजत नम्बर ६१९/०६३/०६४ मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | नागरिकता.प्रमाण.प.नं. |
|---|---|
| तिर्थ बहादुर मोक्तान | ६५५/४४८२५ |
| धन बहादुर मोक्तान | ६५७/४४८९८ |
| अहमद शाह | १०६०/६४७६६ |

श्रम इजाजत नं. ६१९/०६३/०६४
Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/२१ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्रस बोर्डर मिडिया** (दर्ता नं. ३७२४६७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **नेपाल ट्युब मिडिया (प्रा.लि.नं. ३७२४६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/२१ गते**

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.एण्ड एस.ग्लोबल टेक्नीकल ट्रेनिङ इन्स्टिच्यूट** (दर्ता नं. १८३२०६) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१४ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **स्किल केयर नेपाल (प्रा.लि.नं. १८३२०६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## का.म.न.पा वडा नं. १४ अन्तरगत वहालमा बस्ने जीवनलाल श्रेष्ठको नाउमा जारी गरिएको कोठा खोल्न आउने बारे १५ दिने सूचना

का.म.न.पा वडा नं. १४ कलंकी स्थित कित्ता नं. ३८२ को मा गोविन्द बहादुर सुवेदीको नाममा रहेको घरमा भाडामा १ वर्ष भन्दा बडी बसी विगत ४ महिना अगाडी केहि सामान छोडेर कोठामा सम्पर्क बिहिन भई उक्त व्यक्ति श्री जीवनलाल श्रेष्ठले (नवलपरासी) सम्पर्क नं. ९८०४१६३८०७ मिति २०८२/०६/१ गते देखि बहाल रकम नदिई निजले घरपेटी संग पनि सम्पर्कमा नआएको हुनाले उक्त घरको चौथो तल्लाको दुई कोठा/फ्ल्याटको ताला खोल्ने कानुन बमोजिम अनुमती चाहन्छु । बहाल निर्देशिका २०७९ को दफा २० को उपदफा ६ बमोजिम कारवाही अगाडी बढाउने यसै सूचना मार्फत जानकारी गर्दछु ।

**निवेदक**
**गोविन्द बहादुर सुवेदी**
ना.प्र. नं. १८३२, मोबाइल : ९८४१४०१५३५

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२/१०/२१

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Dar Al-Khaleej Overseas Manpower Consultant Pvt. Ltd.** (ई.प.नं. **557/062/63**) को संचालक र शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१०/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. विमला गुरूङ- ०१ देखि १५००० सम्म | १. संजिव कुमार साह - ०१ देखि ३०००० सम्म |
| २. सुरज सापकोटा- १५००१ देखि ३०००० सम्म | |

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१२/२२ मा दर्ता कायम भएको **सियोन फुलबारी मु.वि.नं.**नं.१४७४६७/२०७२/०७३ लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२० गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिन**भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, २१ माघ, २०८२

| राशि | फल |
|---|---|
| मेष | मन उदास रहनेछ । विश्वासपात्रबाट धोका मिल्न सक्छ । |
| वृष | अनावश्यक चिन्ताले सताउनेछ । काममा ढिला सुस्ती हुनेछ । |
| मिथुन | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| कर्कट | आत्मविश्वासमा कमि आउन सक्छ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| सिंह | मनमा ग्लानी उत्पन्न हुन सक्छ । गलत सङ्गतबाट जोगिनु राम्रो हुन्छ । |
| कन्या | कन्यास् बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| तुला | अहंकार बढेर जान सक्छ । बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ । |
| वृश्चिक | दौडधुप बढ्नेछ । इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ । |
| धनु | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| मकर | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ । |
| कुम्भ | जोश जाँगर बढेर जानेछ । बोल्दाखेरी ध्यान पुऱ्याउनु उचित हुन्छ । |
| मीन | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ माघ, २०८२ (०४ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८८ | १४७.४८ |
| युरो | १ को | १७४.०५ | १७४.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.०७ | २०१.८९ |
| स्विस फ्रैन्क | १ को | १८९.९६ | १९०.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०२.२५ | १०२.६७ |
| क्यानाडियन डलर | १ को | १०७.८७ | १०८.३१ |
| सिङगापुर डलर | १ को | ११५.४४ | ११५.९१ |
| जापानी येन | १० को | ९.४९ | ९.५३ |
| चिनियाँ युआन | १ को | २१.१३ | २१.२१ |
| साउदी अरब रियाल | १ को | ३९.१६ | ३९.३२ |
| कतारी रियाल | १ को | ४०.३० | ४०.४७ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९९ | ४०.१६ |
| मलेसियन रिङेट | १ को | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.१२ | १०.१७ |
| स्विडिस क्रोनर | १ को | १६.४६ | १६.५२ |
| डेनिस क्रोनर | १ को | २३.३१ | २३.४० |
| हङकङ डलर | १ को | १८.८० | १८.८७ |
| कुवेती दिनार | १ को | ४८१.१० | ४८३.०७ |
| बहराइन दिनार | १ को | ३८९.६० | ३९१.१९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रादेशिक अस्पताल सिरहामा भ्रष्टाचार

# दुई पूर्वप्रमुखसहित १० जनाविरुद्ध अख्तियारले चलायो मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रादेशिक अस्पताल सिरहाका तत्कालीन प्रमुखहरू डा. नागेन्द्रप्रसाद यादव र डा. सरोज यादवसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अस्पतालमा बिरामीबाट संकलन भएको रकममध्ये ३८ लाख ७७ हजार रूपैयाँ सरकारी खातामा जम्मा नगरी आपसी मिलेमतोमा भ्रष्टाचार गरेको अभियोगमा आयोगले मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

अस्पतालको ओपिडीलगायत विभिन्न काउन्टरबाट संकलन भएको राजस्व रकम सरकारी ढुकुटीमा दाखिला नगरी कर्मचारीहरूले व्यक्तिगत प्रयोगमा ल्याएको अनुसन्धानबाट पुष्टि भएपछि आयोगले दुई पूर्वअस्पताल प्रमुखसहित १० जनाविरुद्ध मुद्दा चलाएको छ । अख्तियारका अनुसार आर्थिक वर्ष २०८०/८१ मा अस्पतालका आठ वटा बिल काउन्टरबाट कूल तीन करोड ८७ लाख ६६ हजार रूपैयाँ संकलन भएको सफ्टवेयरमा देखिएको थियो । तर, अस्पतालको आधिकारिक अभिलेखमा भने तीन करोड ४८ लाख ८९ हजार रूपैयाँमात्र दाखिला भएको पाइएको आयोगको आरोपपत्रमा उल्लेख छ । सफ्टवेयरमा देखिएको र बैंकमा जम्मा गरिएको रकमबीचको ३८ लाख ७७ हजार रूपैयाँ कर्मचारीहरूले बदनियतपूर्वक हिनामिना गरेको आयोगले जनाएको छ ।

अस्पतालका तत्कालीन प्रमुखहरूले सफ्टवेयरमार्फत दैनिक आम्दानीको विवरण हेर्न सक्ने अधिकार भए पनि रकम कम जम्मा भएको जानकारी हुँदाहुँदै मौन बसेर अन्य कर्मचारीलाई भ्रष्टाचारमा सघाएको अख्तियारको दाबी छ । यस प्रकरणमा आयोगले अस्पतालका तत्कालीन प्रमुखद्वय डा. नागेन्द्र र डा. सरोज, तत्कालीन प्रशासन प्रमुख अशोककुमार सिंह र तत्कालीन लेखा प्रमुख अशोककुमार यादवलाई जनही ३८ लाख ७७ हजार रूपैयाँ बिगो कायम गरी विपक्षी बनाएको छ ।

त्यस्तै, बिल काउन्टरमा कार्यरत अहेब श्यामकुमार मण्डललाई २५ लाख ४७ हजार रूपैयाँ, सहायक कर्मचारीहरू सरस्वतीकुमारी यादवलाई पाँच लाख दुई हजार रूपैयाँ, अजयकुमार मण्डललाई तीन लाख ७९ हजार २१ रूपैयाँ, पूजाकुमारी यादवलाई दुई लाख ८८ हजार र रोशनकुमार यादवलाई एक लाख ६४ हजार रूपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यस भ्रष्टाचार प्रकरणमा संलग्न तत्कालीन लेखा प्रमुख रत्नप्रसाद मण्डलको मृत्यु भइसकेको भए पनि सरकारी बिगो असुल गर्ने प्रयोजनका लागि उनकी श्रीमती मुस्कानकुमारी मण्डललाई प्रतिवादी बनाइएको छ । मृतक मण्डलको हकमा फौजदारी कसुरको कैद सजाय मागदाबी लिन नमिल्ने भएता पनि भ्रष्टाचार निवारण ऐन र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाअनुसार हानि नोक्सानी भएको ३८ लाख ७७ हजार रूपैयाँ उनको हक खाने श्रीमतीबाट असुल गर्न माग गरिएको छ ।

## निपाह भाइरसको संक्रमण फैलिन नदिन पश्चिमी नाकामा निगरानी

**दोधारा चाँदनी (कञ्चनपुर)–** छिमेकी मुलुक भारतमा निपाह भाइरसको संक्रमण देखिएपछि नेपालमा फैलिन नदिन भारतसँग जोडिएका पश्चिमी सीमा नाकामा निगरानी बढाइएको छ। भारतसँग जोडिएका सुदूरपश्चिमका पाँच नाकामा नेपाल भित्रिने यात्रुमाथि निगरानी बढाएको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल निरीक्षक हेमराज जोशीले जानकारी दिए । उनका अनुसार कैलालीको गौरीफन्टा र खकरौना, दार्चुलाको खलंगा, बैतडीको झुलाघाट र कञ्चनपुरको गड्डाचौकी नाकामा रहेका हेल्थ डेस्कबाट निगरानी भइरहेको छ ।

'नाकाका सबै हेल्थ डेस्कमा सतर्कता अपनाइएको छ,' जोशीले भने, 'हेल्थ डेस्कमा कार्यरत कर्मचारीलाई निपाह भाइरसबारे अभिमुखीकरणसमेत गराइएको छ।' उनले कोभिड-१९ को समयमा बनाइएका आइसोलेस वार्डसमेत तयारी अवस्थामा राखिएको बताए। भारतको पश्चिम बंगालमा निपाह भाइरसको संक्रमण देखिएकाले यसको जोखिम पश्चिम नेपालभन्दा पूर्वी नेपालका नाकामा बढी रहेको स्वास्थ्यकर्मी बताउँछन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दिपेन्द्रसिंह रावलले नाकामा स्थापना गरिएका हेल्थ डेस्कमार्फत संक्रमणका लक्षण देखिएका यात्रुमाथि निगरानी राख्ने कार्य भइरहेको बताए ।

'नाकाबाट नेपाल भित्रिने क्रममा ज्वरो आएका र शंकास्पद व्यक्तिमाथि हेल्थ डेस्कका कर्मचारीले निगरानी राख्दै छन्,' प्रमुख रावलले भने, 'संक्रमणको शंका भएका व्यक्तिको स्वाव संकलन गरेर प्रदेश जनस्वास्थ्य प्रयोगशाला पठाउँछौं ।' *रासस*

---

**लालझाडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शंकरपुर, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**

**प्रकाशित मिति: २०८२/१०/२०**

यस लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८२/०८३ अन्तर्गत तपशिल बमोजिमका कार्यका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनानुसार न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | कामको बिबरण | फर्मको नाम | कबोल अंक (रु) |
|---|---|---|---|
| LAL/W/NCB/2082/083-06 | Doda River Training Work Laljhadi Rural Municipality | Attal construction and suppliers, Dhangadhi-04, Kailali | 67,53,297.26 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Aandhikhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

**Notice for the Letter of Intent**

***(First Publication Date: 4th of February, 2026)***

According to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: **ANDH-G-NCB-GP-10-2082/83** as per the Invitation for Bids published in the national daily newspaper **"Karobar National Daily"** on **03 December 2025**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-G-NCB-GP-10-2082/83, Procurement and Supply of Gabion wire and Water supply Pipe | Hardware Nepal Pvt. Ltd. Balaju Kathmandu | 13,80,135.10 |

**Chief Administrative Officer**

---

**कालिञ्चोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुनखानी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशित मिति: २०८२/१०/२१**

यस कार्यालयबाट मिति २०८२/०९।०३ मा प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरु सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | KRM/NCB/Works/Dolakha/10/2082/083 | Soti- Padekhola-Sunkhani Sinchai | Kalinag Builders and Suppliers, Lokanthali, Bhaktapur | 58.73.057.29 | |
| 2. | KRM/NCB/Works/Dolakha/11/2082/083 | Tham Beshi Sinchai yojana kalinchok gaupalika 5 | Jattapokhari Nirman Sewa, Bhimeshwor Municipality-05, Dolakha | 13,98,664.33 | |
| 3. | KRM/NCB/Goods/Dolakha/05/2082/083 | Procurement, Supply And Delivery of Agricultural Equipments | Marketing Linelnes, Koteshwor-35,Kathmandu | 35,00,000.00 | भ्याट नलाग्ने |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**कुवेतमा रोजगार**

कम्पनी : NABAT COMPANY FOR RETAIL OF FRESH &PRESERVED FRUITS &VEGETABLES शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/१०/२० चलानी नं.: ६०२५१७३४ LT.No.: 338243

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 3 | 7 | स. काममा दक्ष | 120 | ५७,४३६ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २८ गते (11 February, 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

---

**साउदीमा रोजगार**

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/१०/२० LT. No. 338159 चलानी नं. ६०२५१६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 40 | 0 | 1000 | ३९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, ललितपुरमा मिति: २०८२ फागुन ३ गते (15th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

---

**युएइमा रोजगार**

कम्पनी : GULF ORYX FENCING FIXING LLC
पूर्व स्वीकृति मिति : २०८२/०५/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१९ LT. No. 330971 चलानी नं. ६०२४४९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 1 | 0 | 1500 | ६०,४०५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 1 | 0 | 1500 | ६०,४०५ | | | | | | | |
| 3. | Electrician | 5 | 0 | 1500 | ६०,४०५ | | | | | | | |
| 4. | Tile Layer | 1 | 0 | 1500 | ६०,४०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**APEX H.R. CONSULTANCY PVT. LTD.** (FUTURE SKILLS H.R. CONSULTANCY PVT.LTD.)
Govt. License No. 1200/073/74
Sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-5920245, 5920245
E-mail: info@apexhr.com.np, Website: www.apexhr.com.np

---

**कतारमा रोजगार**

कम्पनी : New Twaiba Cleaning Services
पूर्व स्वीकृति मिति : २०८२/१०/२० LT. No. 338247 चलानी नं. ६०२५१७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner hospital | 0 | 3 | 1000 | ४०,०५६ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 4 | 0 | 1000 | ४०,०५६ | | | | | | | |
| 3 | Labour Cleanlines | 3 | 1 | 1000 | ४०,०५६ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1100 | ४४,०६१ | | | | | | | |
| 5 | Supervisor | 3 | 0 | 2500 | १,००,१४० | | | | | | | |
| 6 | Waiter | 1 | 4 | 1400 | ५६,०७८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Leaders International Recruitment Agency Pvt. Ltd**
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com

---

**कतारमा रोजगार**

कम्पनी : AZOOSS TRADING AND CLEANING
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ LT. No. 338189 चलानी नं. ६०२५१६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 8 | 1000 | ३९,७०१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Hotel Cleaner | 7 | 0 | 1000 | ३९,७०१ | | | | | | | |
| 3. | Labour | 4 | 0 | 1000 | ३९,७०१ | | | | | | | |

कम्पनी : PAK AZAD CONTRACTING AND TRADING SERVICES
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ LT. No. 338188 चलानी नं. ६०२५१६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Customer Service Agent | 4 | 0 | 1400 | ५५,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | 2500 | ९९,२५३ | | | | | | | |
| 3. | General Director | 1 | 0 | 6300 | २५०११६ | | | | | | | |
| 4. | Hr Manager | 2 | 0 | 5700 | २२६२९६ | | | | | | | |
| 5. | Labour | 5 | 0 | 1000 | ३९,७०१ | | | | | | | |
| 6. | Painter | 4 | 0 | 1100 | ४३,६७२ | | | | | | | |
| 7. | Representative | 4 | 0 | 2200 | ८७,३४२ | | | | | | | |
| 8. | Specialist Support | 3 | 0 | 6300 | २,५०,११७ | | | | | | | |
| 9. | Supervisor | 1 | 0 | 2500 | ९,९२,५३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/०७५

---

**ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२१**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते बिवरण | जमानत दिनेको बिवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : भैरव प्रसाद अर्याल**<br>बुबा : भोज राज अर्याल<br>बाजे : हरि प्रसाद अर्याल<br>ठेगाना : जितपुरफेदी-०९, काठमाडौं | **नाम : लक्ष्मी अर्याल**<br>पति : भैरव प्रसाद अर्याल<br>स-बाजे : हरि प्रसाद अर्याल<br>ठेगाना : जितपुरफेदी-०९, काठमाडौं | जितपुर-०९, काठमाडौं<br>वडा नं ०९ क<br>कि.न. ६६३<br>क्षेत्रफल : २-१३-१-० |

**लिलामी तालिका**

**मिति** : २०८२ फाल्गुन २६ गते मंगलबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नं पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
2066 ESTD
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निपाहको जोखिम नियन्त्रण गर

निर्वाचनको मुखमा निपाह भाइरसको संक्रमणको जोखिम बढ्न थालेको छ । सामान्य रुघाखोकीसँग मिल्दोजुल्दो लक्षण भएको निपाह जनावरबाट मानिसमा सर्ने गर्छ । मौसम परिवर्तन हुँदै गर्दा मानिसहरूमा रुघाखोकीको संक्रमण उच्च देखिन्छ । यही बेला भारतको पश्चिम बंगालमा निपाह देखिएसँगै नेपालमा यसको संक्रमण फैलिने जोखिम बढेको हो ।

चिकित्सकहरूका अनुसार निपाह एक जुनोटिक भाइरस हो । निपाह कोरोना भाइरसभन्दा धेरै घातक मानिन्छ । यो भाइरसबाट संक्रमित व्यक्तिहरूमा सामान्यतया तीनदेखि १४ दिन ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, घाँटी दुख्ने र सास फेर्न गाह्रो हुनेजस्ता लक्षणहरू देखा पर्छन् । केही व्यक्तिहरूले मस्तिष्क सुन्निने वा इन्सेफ्लाइटिस पनि अनुभव गर्ने जनाएको छ ।

निद्रा लाग्ने, मुर्छा पर्न सक्ने र केही बिरामीहरू २४ देखि ४८ घण्टाभित्र कोमामा जानसक्ने पाइएको छ । यसको मृत्युदर ४०–७० प्रतिशत रहेको चिकित्सकहरूको भनाइ छ । निपाह भाइरस पहिलोपटक सन् १९९९ मा पहिचान भएको थियो । त्यतिबेला ३०० जना संक्रमित हुँदा १०० जनाको मृत्यु भएको थियो । पश्चिम बंगालमा सन् २००१ मा ६६ जनामा भाइरस पुष्टि हुँदा ४५ जनाको मृत्यु भएको थियो । सन् २०१८ मा भारतको केरलामा भाइरस फैलिँदा १७ जनाको मृत्यु भयो ।

विश्व स्वास्थ्य संगठनले नेपालमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यून रहेको जनाएको छ । तर पनि पश्चिम बंगाल नेपालको पूर्वी जिल्लाहरूमा जोडिने क्षेत्र हो । त्यसैले पनि नेपाल सरकारले निपाहबाट जोगिन विशेष सतर्कता अपनाउनै पर्छ । किनभने नेपाल अहिले चुनावी माहोलमा छ । चुनावी पर्वमा देशविदेशबाट मानिसहरू विनारोकटोक आइरहेका छन् । त्यसैले यसको संक्रमणबाट रोक्न सचेत बन्नै पर्छ ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालय नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि पूर्णरूपमा प्रतिबद्ध रहेको र आवश्यक सबै कदमहरू चालिरहेको जानकारी गराएका छन् । फलफूल राम्ररी पखालेर मात्र खाने, तरकारी राम्रोसँग पकाएर खाने, सफा र सुरक्षित पानी उमालेर मात्र पिउन मन्त्रालयले अनुरोध गरेको छ । जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पञ्जा र मास्क प्रयोग गर्ने, बेलाबेलामा साबुनपानीले हात धुने तथा भीडभाडमा जाँदा मास्क लगाउनेजस्ता जनस्वास्थ्य मापदण्डहरू पालना गर्न भनेको छ ।

ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, चक्कर लाग्ने, बान्ता हुने तथा गम्भीर अवस्थामा होस हराउनेजस्ता शंकास्पद लक्षण देखिएमा बिरामीको शीघ्र पहिचान, 'आइसोलेसन', रिपोर्टिङ तथा संक्रमण रोकथाम तथा नियन्त्रण मापदण्ड कडाइका साथ पालना गर्न गराउन पनि स्वास्थ्य मन्त्रालयले सबैसँग अनुरोध गरेको छ । यसैले निपाह जोखिम नियन्त्रणमा सबै सचेतपूर्वक लागौं ।

**श्रम सरोकार**

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# नागरिकमुखी सार्वजनिक सेवा



❑ गम्भीरबहादुर हाडा

> "सार्वजनिक सेवा प्रवाह तथा सुशासनको समस्या, बाधा तथा चुनौतीलाई हटाउने उपायहरूमा सेवा नागरिकको अधिकारहरूमा स्थापित हुनुपर्दछ । सेवा दिनेको अनुकूल होइन, लिनेको अनुकूलमा हुनुपर्दछ । सेवा गुणस्तरीय र मितव्ययी पनि हुनुपर्दछ । सेवा प्रवाह गर्दा जनसहभागितालाई ध्यान दिन सकेमा बढी प्रभावकारी हुन्छ । जनताले रोजेको, खोजेको र आवश्यकता ठहऱ्याएको सेवा प्रवाह हुनुपर्दछ । सेवाग्राहीलाई सेवा छनोटको पर्याप्त अवसर हुनुपर्दछ । सार्वजनिक सेवाले सामाजिक न्याय दिन सक्नुपर्दछ । सेवा वितरण गर्ने प्रणाली छरितो हुनुपर्दछ । सेवा तोकिएको समयमा प्राप्त हुनुपर्दछ । सेवा वितरणलाई प्रभावकारी बनाउन विभिन्न क्षेत्रको जिम्मेवारी बहन गर्नुपर्छ ।

सार्वजनिक सेवा राज्यको दायित्व, आधारभूत कार्य र नागरिकको अधिकारको रूपमा रहेको पाइन्छ । जनतालाई प्रभावकारी सेवा प्रवाह गर्नु नै सरकारको कार्य हो । सार्वजनिक सेवा नागरिक र सरकार जोड्ने एउटा पुल वा माध्यम हो । सरकार वा सरकार मातहतका निकायबाट प्रदान गरिने वा उपलब्ध गराइने शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, शान्ति सुरक्षा, सञ्चार, यातायात, रोजगारी नै सार्वजनिक सेवा हुन् । सरकार, सार्वजनिक निकाय वा पदाधिकारीद्वारा व्यक्ति तथा नागरिकको आधारभूत, आकस्मिक र विकासात्मक आवश्यकतालाई परिपूर्ति गर्न उत्पादन, प्रवाह र वितरण गर्ने सेवालाई बुझिन्छ । यसमा तीन पक्ष रहेका हुन्छन्- नीति निर्माता, सेवा प्रदायक र नागरिक तथा सेवाग्राही र ग्राहक ।

यो सबैको सरोकार, हित र भलाइसँग सम्बन्धित छ । सरकारले आफैं, निजी क्षेत्र वा समुदायबाटसमेत प्रदान गर्न सक्छ । यो सशुल्क वा निःशुल्क पनि हुन सक्छ । यद्यपि, जनताले शुल्क तिर्न नसके पनि कतिपय सेवाहरूबाट जनतालाई वञ्चित गराउन सक्दैन । सन् १९८० को दशकपूर्व सार्वजनिक सेवाको परम्परागत मान्यता प्रचलित थियो । सन् १९८० को दशकपश्चात् आधुनिक सार्वजनिक सेवाको मान्यता विकास भयो । सन् १९९१ मा बेलायतका प्रधानमन्त्री जोन मेजरले नागरिक वडापत्रको प्रारम्भ गरी नागरिकमुखी सेवाको मान्यता अगाडि बढाएको पाइन्छ ।

राज्य र सरकारले आफ्ना नागरिकहरूलाई निःशुल्क, सशुल्क वा अन्य कुनै प्रकारले उपलब्ध गराउने सेवा सुविधालाई सार्वजनिक सेवा भनिन्छ । जनतालाई अधिकतम् सेवा दिनु आधुनिक राज्य व्यवस्थाको प्रमुख उद्देश्य हो । राज्यद्वारा प्रवाहित सेवा नागरिकको रोजाइ, आवश्यकता, प्राथमिकता र राज्यको क्षमतामा भर पर्दछ । सेवा प्रवाहको पद्धति, देशको भौगोलिक स्थिति, आर्थिक, सामाजिक र राजनीतिक परिवेशबाट निर्देशित हुन्छ । यस्तो सेवाको दायरा व्यापक हुनुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारको हुन्छ । नागरिकले सुपथ, सुलभ र समयसापेक्ष यथेष्ठ सेवा पाउनु नै सार्वजनिक सेवा प्रवाहको मुख्य उद्देश्य हुन्छ । सरकारले विभिन्न तवरले सार्वजनिक सेवाको व्यवस्थापन गर्न सक्दछ ।

सार्वजनिकः सबैको सरोकार भएको, सबैका लागि उपयोगी/आवश्यक, सबैका लागि हित हुने, सबै जनतासँग सम्बन्धित छ । सेवाः सर्वसाधारणको हित हुने काम, सरकारी वा गैरसरकारी तहबाट गरिने गतिविधि, सार्वजनिक सुविधा उपलब्ध गराउने काम, नाफाको उद्देश्य नराखिएको निःस्वार्थ सेवा । प्रवाहः बहने काम वा प्रक्रिया, गति वा चाल, अटुट क्रम, निरन्तरता, नैरन्तर्यता तथा नियमितता । सारांशमा यसको अर्थ के हो भने सार्वजनिक सेवा प्रवाह भनेको आमनागरिकको हितका लागि सरकार तथा तिनका निकायबाट निरन्तर रूपले प्रदत्त सेवा, सुविधा तथा गतिविधिहरूको समष्टि हो ।

सार्वजनिक सेवाअन्तर्गत मुख्यतया- आधारभूत सेवाहरू, क्षमता विकाससम्बन्धी सेवाहरू, कल्याणकारी सेवाहरू, पूर्वाधार विकाससम्बन्धी सेवाहरू, पेसा र व्यवसायसम्बन्धी सेवाहरू, सामाजिक न्याय, सुरक्षा र कल्याणसम्बन्धी सेवाहरू, मनोरञ्जनसम्बन्धी सेवाहरू पर्दछन् । सार्वजनिक सेवा प्रवाहभित्र, सेवाको पद्धति, लक्षित सेवाग्राही, सेवा प्रदान गर्ने निकाय, सेवा प्राप्त गर्ने स्थान, लागत मूल्य, सेवा प्रक्रिया वा तरिका अवलम्बन गरिएको हुन्छ ।

सार्वजनिक सेवा वितरणका उद्देश्यहरूमा राज्यको तर्फबाट जनताको संरक्षण गर्ने, नागरिक माग र राज्यको दायित्व पूरा गरी सुशासनको प्रत्याभूति दिने, सेवा प्रवाहको सहजतालाई सुनिश्चितता गर्ने, पूर्वनिर्धारित समयमा पारदर्शी, गुणस्तरीय सेवा दिई जनविश्वास अभिवृद्धि गर्ने र सेवा सुविधाको समन्यायिक वितरण व्यवस्थित गर्ने रहेका छन् ।

जनता नै शासन व्यवस्थाको आधार र हिमायती भएकोले जनताको हकहित र संरक्षण अभिवृद्धि गरी आर्थिक एवं सामाजिक जीवनस्तर उच्च बनाउन, सरकारी सेवालाई प्रभावकारी बनाउन सेवा प्रदायकको निम्नलिखित भूमिका हुन आवश्यक छ । सेवाग्राहीको आवश्यकताको पहिचान गर्ने, सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने, सेवा प्रवाहमा पारदर्शिता र निष्पक्षता कायम गर्नु, स्रोत साधनको प्रभावकारी परिचालन गर्नु । नागरिक बडापत्र, ऐन नियमको परिपालना गर्ने, गुनासो सुनुवाइ, हेल्प डेस्कको व्यवस्था, क्षतिपूर्तिसहितको नागरिक सेवा प्रवाहको व्यवस्थालगायत, नागरिक बडापत्रको परिपालना गर्ने, राज्यका नीति तथा प्रक्रियाको बारेमा जानकारी हासिल गर्ने, तोकिएका कागजातहरू पेस गर्ने, आफ्ना अधिकार र सीमाको जानकारी हासिल गर्नु । शान्त र शालीन व्यवहार प्रदर्शन गर्ने, राजनीतिक तथा अवाञ्छनीय प्रभाव पार्न नखोज्ने, निर्दिष्ट तोकिएका प्रक्रिया तथा नियमहरूको अवलम्बन गर्ने, सेवा प्राप्त हुन नसकेमा वा केही गुनासो भएमा तोकिएको पदाधिकारी वा निकायमा उजुरी गर्ने, निर्धारित समयको पालना गर्ने र तोकिएको समयमा उपस्थित हुनेलगायत ।

सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमहरूमा सरकारले आफ्ना नागरिकहरूलाई विभिन्न माध्यम तथा उपायहरूबाट सेवा प्रदान गर्ने गर्दछ । सरकारी माध्यम वा निकाय, निजी माध्यम, गैरसरकारी माध्यम वा निकाय, नागरिक समाज, सरकारी-निजी साझेदारी माध्यम, अन्यः संसद्, सरकार, प्रशासन, नागरिक समाज, सामाजिक संघसंस्था, दातृराष्ट्र, कर्मचारी आदि ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा कर कानुनमा समयानुकूल सुधारअन्तर्गत अन्तर र्राष्ट्रियस्तरमा कर प्रणालीमा आएका परिवर्तन र नवीन व्यावसायिक ढाँचालाई सम्बोधन गर्ने गरी मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कसम्बन्धी कानुनको पुनरावलोकन गरिने कार्यक्रम राखिएको छ । मूल्य अभिवृद्धि करमा बहुदर लागू गर्न प्राप्त सुझावलाई समेत मध्यनजर गर्दै यसको सान्दर्भिकता र व्यावहारिक प्रयोगका सम्बन्धमा अध्ययन गरिने नीति लिइने छ । विषयगत कानुनहरू संशोधन गरी गैरकर राजस्वका दरहरू सामयिक बनाइने कार्यक्रम राखिएको छ ।

मदिरा, वियर, सुर्ती र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि गरिएको छ । भन्सार महसुलका केही दरमा समायोजन गरिएको छ । विद्यमान अन्तःशुल्क दरमा सामान्य वृद्धि गरिएको छ । स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको छ । विद्युतीय विजक प्रणालीमा करदाताको आबद्धता बढाउँदै केन्द्रीय विजक अनुगमन प्रणालीको दायरा फराकिलो बनाइने कार्यक्रम राखिएको छ । करदाता शिक्षा र कानुनको परिपालनाको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनुका साथै सबै किसिमका डिजिटल कारोबारलाई करको दायरामा ल्याउन डिजिटल सर्भिस टयाक्सको आधार विस्तार गरिएको छ । कर छुट, सहुलियत तथा सुविधालाई समयानुकूल परिमार्जन गरी कर खर्च प्रणालीलाई औचित्यपूर्ण बनाइने कार्यक्रम राखिएको छ । छिमेकी मुलुकसँग द्विपक्षीय व्यापारसम्बन्धी तथ्यांक र सूचना आदानप्रदान गर्ने प्रणाली विकास गरी राजस्व चुहावट जोखिम न्यूनीकरण गरिने नीति लिइएको छ । राजस्व चुहावट नियन्त्रण गर्न इन्टेलिजेन्समा आधारित अनुसन्धान प्रणाली विकास गरिनुका साथै राजस्व परिचालनसँग सम्बद्ध निकायहरूबीच सूचना आदानप्रदान तथा संयुक्त अनुगमनलाई प्रभावकारी बनाइने कार्यक्रम राखिएको छ ।

सार्वजनिक सेवा प्रवाह र सुशासनको नीति तथा कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नमा देखापरेका समस्या, बाधा तथा चुनौतीहरूमा सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबारे अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्नु, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम् प्रविधि समयसापेक्ष प्रयोग गर्नु, दुर्गम बस्तीमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको पहुँच विस्तार गर्नु, नागरिकको प्रविधिमाथिको आर्थिक पहुँच सुनिश्चित गर्नु, विद्युतीय कारोबारलाई सर्वसुलभ, सुरक्षित र प्रभावकारी तुल्याउनु, एकीकृत अनलाइन पोर्टलमार्फत एकीकृत सेवा प्रवाहको अवधारणालाई मूर्तता प्रदान गर्नु, आमसञ्चारका माध्यममा प्रसारित समाचार मर्यादित र विश्वसनीय बनाउनु साथै भ्रामक समाचारको नियमन एवं नियन्त्रण गर्नु । सेवाहरू लक्षित वर्गसम्म पुग्न नसक्नु, सेवाहरू जनताको आवश्यकताअनुसारको नहुनु, सेवाको गुणस्तर कमजोर हुनु, सेवा प्रक्रियामुखी वा केन्द्रमुखी हुनु, सेवाग्राहीको सहभागिता न्यून भएको देखिन्छ । सेवा वितरण कार्यलाई भ्रष्टाचारले दूषित तुल्याउनु, सेवाग्राही मूल्यांकन व्यवस्था नहुनु, पारदर्शिता, जवाफदेहिता, प्रतिस्पर्धाको कमी हुनु, नातावाद, कृपावाद हावी भएको छ । कर्मचारीमा जनसेवाको भाव कम हुन गएको देखिन्छ । सबै कार्यालयमा सूचना प्रविधि प्रयोगमा नल्याइनु, सबै स्थानमा पूर्वाधारको कमी हुँदा जनताले प्रभावकारी सेवा प्राप्त गर्न नसक्नुलगायत, के गरेमा सार्वजनिक सेवाको प्रभावकारितामा वृद्धि हुन्छ, सेवाको गुणस्तर निर्धारण गर्ने, निष्पक्ष व्यवहार गर्ने, पूर्ण र खुला सूचनाको प्रवाह गर्ने, छलफल र संलग्नता, पहुँच विस्तार, गल्ती कमजोरीको सुधार, स्रोत साधनको उच्चतम् उपयोग नभएको पाइन्छ ।

सार्वजनिक सेवा प्रवाह तथा सुशासनको समस्या, बाधा तथा चुनौतीलाई हटाउने उपायहरूमा सेवा नागरिकको अधिकारहरूमा स्थापित हुनुपर्दछ । सेवा दिनेको अनुकूल होइन, लिनेको अनुकूलमा हुनुपर्दछ । सेवा गुणस्तरीय र मितव्ययी पनि हुनुपर्दछ । सेवा प्रवाह गर्दा जनसहभागितालाई ध्यान दिन सकेमा बढी प्रभावकारी हुन्छ । जनताले रोजेको, खोजेको र आवश्यकता ठहऱ्याएको सेवा प्रवाह हुनुपर्दछ । सेवाग्राहीलाई सेवा छनोटको पर्याप्त अवसर हुनुपर्दछ । सार्वजनिक सेवाले सामाजिक न्याय दिन सक्नुपर्दछ । सेवा वितरण गर्ने प्रणाली छरितो हुनुपर्दछ । सेवा तोकिएको समयमा प्राप्त हुनुपर्दछ । सेवा वितरणलाई प्रभावकारी बनाउन विभिन्न क्षेत्रको जिम्मेवारी बहन गर्नुपर्छ । राज्यले प्रदान गर्नेगरी बाध्यकारी सेवा सुविधाहरू जस्तो शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्दछ । नागरिक हित प्रवर्द्धन गर्न र जनताको क्षमता, दक्षता अभिवृद्धि गर्न उपलब्ध गराउने जस्तो शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी, सूचना आदिको प्रवाह गरिनु आवश्यक छ ।

१६औं योजना (२०८१/८२-२०८५/८६) मा सार्वजनिक तथा वैकल्पिक वित्तीय स्रोतहरू (सार्वजनिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, हरित जलवायु वित्त) को प्रभावकारी परिचालन, वस्तुगत विनियोजन, खर्च क्षमता अभिवृद्धि तथा वित्तीय सुशासन कायम गर्न नीतिगत, संरचनागत तथा कानुनी सुधार गर्ने, यातायात पूर्वाधारका क्षेत्रमा सम्भावनाका आधारमा सार्वजनिक निजी साझेदारी पद्धतिको कार्यान्वयन गर्ने; सडक मर्मत खर्च प्रणालीलाई तहगत सरकारहरूमा लागू गर्दै जाने र सडक बोर्डलाई स्रोत परिचालनका लागि स्वायत्तरूपमा स्रोत प्राप्त हुने व्यवस्था गर्ने, विद्युत् र जलाशययुक्त आयोजनाको विकासलाई वैदेशिक लगानीमैत्री बनाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्ने; जलाशययुक्त आयोजनालाई विद्युत् विकासको दीर्घकालीन रणनीतिको रूपमा अंगीकार गर्ने आदिजस्ता कार्यक्रमहरू राखिएको पाइन्छ ।

सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम् उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गरिने कार्यक्रम राखिएको छ । आगामी आर्थिक वर्ष सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा गर्ने नीति लिइएको छ । सूचना प्रविधिको अधिकतम् उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने नीति लिइएको छ । साथै, बजेटका पाँच रूपान्तरणकारी क्षेत्र- कृषि क्षेत्र रूपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकास गर्ने कार्यक्रम राखिएको छ ।

सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन तथा कार्यक्रम राम्रोसँग व्यवस्थितरूपमा सञ्चालन गर्न सके स्थानीय तहको सेवा प्रवाह थप प्रभावकारी भएको हुने, सामाजिक परिचालनको माध्यमबाट सुशासनको प्रवर्द्धन भएको हुने, समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएको हुने, सामाजिक सुरक्षा कार्यक्रम थप व्यवस्थित भएको हुने, स्थानीय तहमा विद्युतीय सुशासन लागू भएको हुने र वित्तीय सुशासन कायम हुन सक्ने अवस्था सिर्जना हुने धेरै सम्भावना रहन्छ ।

नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवं साझा अधिकारहरूकोसमेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ ।

वर्तमान अवस्थामा स्थानीय निकायको जवाफदेहिता कमजोर हुनु, स्थानीय निकायहरूको समयसापेक्ष पुनर्संरचना र क्षमता विकास गर्नु, संघीय संरचनाअनुसार प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको व्यवस्थापन गर्नु, विषयगत निक्षेपणको कार्य प्रभावकारी बनाउनु, नयाँ घोषणा भएका नगरपालिकाहरूको क्षमता विकास गर्नु, स्थानीय निकायलाई नयाँ संवैधानिक व्यवस्थाअनुरूप स्थानीय सरकारमा रूपान्तरण गरी राजनीतिक, आर्थिक, प्रशासनिक सेवा प्रवाह र विकास व्यवस्थापनको दृष्टिले सक्षम एकाइको रूपमा स्थापित गर्नु प्रमुख चुनौतीहरू हुन् । संविधान जारी भएपश्चात् जनताको विश्वासका साथ विकास कार्य अगाडि बढ्ने वातावरण तयार हुनु, केन्द्रीयस्तरका कार्यक्रमहरू क्रमशः स्थानीयस्तरमा कार्यान्वयन हुने गरेबाट अनुभव र दक्षता वृद्धि हुनु, स्थानीय स्वायत्त शासनको अभ्यासले जनतामा शासनप्रतिको सचेतना, सहभागिता तथा अधिकारप्रतिको चासो बढ्दै जानु, विकास प्रक्रियामा स्थानीय जनताको सहभागिता र स्वामित्व बढ्नुजस्ता अवसर रहेका छन् ।

*(लेखक भक्तपुर बहुमुखी क्याम्पसबाट अवकाशप्राप्त सहप्राध्यपक हुन्)*

# ‘आश्वासन होइन, विकास चाहिएको छ’

**घोराही (दाङ)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवारहरू घरदैलो कार्यक्रममा व्यस्त छन् । आफ्नो पक्षमा मत तान्न उम्मेदवारहरू मतदातामाझ विभिन्न आश्वासन बाँडिरहेका छन् ।

मतदाताले भने उम्मेदवारलाई आश्वासनभन्दा विकासका योजनाको ‘ग्यारेन्टी’ गर्न माग गरेका छन् । निर्वाचनका क्रममा आश्वासन दिने तर पछि काम नगर्ने प्रवृत्तिले जनताले बर्सेनि नेतासँग उही माग दोहोर्‍याउनुपर्ने अवस्था रहेको घोराही उपमहानगरपालिका-१८ का सुरेश पुनमगरले बताए ।

‘धेरै पटक मतदान गरिसकें तर कुनै पनि नेताले आफ्नो वाचाअनुसार काम गरेको देखिँदैन । देशमा भनेजस्तो रोजगार नहुँदा दिनहुँ लाखौं युवा विदेसिनुपर्ने बाध्यता छ,’ उनले भने, ‘देशमै कृषि गरौं भने पनि भनेको बेला सिँचाइ, मल, बीउ नपाउने समस्या छ ।’

दाङ क्षेत्र नं २ बाट नेपाली कांग्रेसका उम्मेदवार किरणकिशोर घिमिरेसमक्ष तुलसीपुर उपमहानगरपालिका-१८ का मतदाता खिमा घर्तीले निर्वाचनका बेला आश्वासनमात्रै होइन, जनतालाई दुःख पर्दा साथ दिने र वास्तविक विकास गर्ने नेताको आवश्यकता रहेको सुनाए ।

घिमिरेसमक्ष त्यहाँका अन्य स्थानीयले पनि विगतमा धेरै आश्वासन सुनिएको तर अपेक्षित विकास हुन नसकेको गुनासो व्यक्त गरे । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र



रोजगारीजस्ता आधारभूत आवश्यकता अझै अधुरै रहेको उनीहरूको भनाइ थियो । गुनासो सुनेपछि उम्मेदवार घिमिरेले नागरिकका समस्यालाई गम्भीरतापूर्वक लिएको बताउँदै जनताको आवश्यकताअनुसार विकासका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनीहरूझैँ अधिकांश मतदाताले निर्वाचनका क्रममा उम्मेदवारबाट सडकको स्तरोन्नति, कल्भर्ट निर्माण, सडक कालोपत्र, विद्युत्, सिँचाइको व्यवस्था, कुलो निर्माण, हचुमपाइप राख्नेलगायतका आश्वासन दिने गरे पनि वाचाअनुसार काम नगर्ने प्रवृत्तिका कारण जनताले दुःख पाउने गरेको गुनासो गर्ने गरेका छन् ।

दाङ क्षेत्र नं २ बाट उम्मेदवार बनेका नेकपा एमालेका महासचिव शंकर पोखरेल, नेपाली कम्युनिस्ट पार्टीका निर्मल आचार्य, राष्ट्रिय स्वतन्त्र पार्टीका विपिन आचार्यलगायत उम्मेदवारहरू मतदाता भेट्न घरदैलो कार्यक्रममा छन् ।

दाङ-२ मा घोराही उपमहानगरपालिकाका १५, तुलसीपुर उपमहानगरपालिकाका चार वडा र बंगलाचुली गाउँपालिकाका आठ वडा रहेका छन् भने हाल थपिएका सात हजार २३६ सहित एक लाख ४० हजार ९४८ मतदाता छन् । *रासस*

# सुपका १६ वटै क्षेत्रमा सशस्त्रको ‘निर्वाचन सुरक्षा बेस’ स्थापना हुँदै

**महेन्द्रनगर–** आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बल नेपालले सुदूरपश्चिमका १६ वटै निर्वाचन क्षेत्रमा निर्वाचन सुरक्षा बेस स्थापना गर्दै छ । सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ वाहिनीका निमित्त वाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीले सुदूरपश्चिमका नौ जिल्लाका १६ वटै निर्वाचन क्षेत्रमा आज बुधबारदेखि सशस्त्र प्रहरी नायब उपरीक्षकको कमाण्डमा सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेस स्थापना गरिने जानकारी दिए ।

‘१६ वटै निर्वाचन क्षेत्रमा डिएसपीको नेतृत्वमा निर्वाचन सुरक्षा बेस भोलिबाट सञ्चालनमा आउँछन्,’ निमित्त वाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुवेदीले भने, ‘हामीले निर्वाचन केन्द्रित सुरक्षा योजना बनाएर अघि बढेको छौं ।’

उनले आसन्न निर्वाचन सुरक्षाका लागि सुदूरपश्चिममा पाँच हजार १०० भन्दा बढी सशस्त्र प्रहरी परिचालन हुने जानकारी दिए । ‘सबै जिल्लामा निर्वाचन प्रहरीलाई १० दिने तालिम अनुशिक्षण प्रदान गरिरहेका छौं,’ सुवेदीले भने, ‘निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउन सशस्त्र प्रहरीले प्रत्येक निर्वाचन क्षेत्रमा बेस स्थापना गर्ने भएको हो ।’

निर्वाचन सुरक्षामा खटिने सशस्त्रका सकलदर्जालाई अनुशिक्षण तालिमसमेत प्रदान गरिएको सशस्त्र प्रहरी बल वैद्यनाथ वाहिनी अत्तरिया कैलालीले जनाएको छ । सशस्त्र प्रहरीले वाहिनीस्तरमा ‘वाहिनी निर्वाचन सेल’समेत सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

‘सबै निर्वाचन क्षेत्रमा निर्वाचन कार्यालय, मतदान अधिकृत र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सशस्त्र प्रहरी परिचालन भइसकेको छ,’ उनले भने, ‘सबै सशस्त्र प्रहरी कार्यालयमा रिजर्भ टोली तयारी अवस्थामा राखिने छ ।’

सशस्त्र प्रहरीले निर्वाचनअघि अनुगमनसमेत गर्ने जनाएको छ । ‘अन्य सुरक्षा निकाय र सरोकारवाला निकायसित सशस्त्र प्रहरीले समन्वय सहकार्य गरिरहेको छ,’ उनले भने, ‘निर्वाचनअघि साधन स्रोतको व्यवस्थापन गरिने छ ।’ सशस्त्र प्रहरीअन्तर्गत सुदूरपश्चिममा एक हजार ५०० निर्वाचन प्रहरीलाई तालिम सञ्चालन भइरहेको छ । *रासस*

## ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

### स्वास्थ्य तथा औषधोपचार बिमा गर्ने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/२१**

ललितपुर महानगरपालिकाका १३७ जना जनप्रतिनिधिहरूको आगामी १(एक) वर्षको लागि स्वास्थ्य तथा औषधोपचार बिमा गर्नुपर्ने हुँदा बिमा गर्न इच्छुक नेपाल सरकारबाट मान्यता प्राप्त बिमा कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र शिलबन्दि गरि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । बिमित हुने प्रतिनिधिहरूको व्यक्तिगत विवरण तथा बिमालेखले समेट्नु पर्ने क्षेत्रहरूको जानकारीको लागी यस कार्यालयको खरिद इकाईमा सम्पर्क गर्नहुन समेत जानकारी गराइन्छ ।

# प्रकृतिमा छाडियो १३७ गोही

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जको गोही प्रजनन केन्द्रमा हुर्काइएका १३७ गोहीलाई प्राकृतिक बासस्थानमा छाडिएको छ । पछिल्लोपटक सोमबार २० गोही छोडिएसँगै यस आर्थिक वर्षमा हालसम्म ती गोही प्राकृतिक बासस्थानमा छाडिएको हो ।

ती गोही राप्ती नदीमा छाडिएको निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले जानकारी दिए । उनका अनुसार प्रजनन केन्द्रमा हुर्काइएका गोहीलाई प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । यस पटक छोडिएका गोहीहरू सबै पोथी रहेको उनले जानकारी दिए ।

उनका अनुसार केन्द्रमा हुर्काएर दुई हजार २०७ गोही हालसम्म नदीमा छाडिएको छ । केन्द्रमा नदी किनारबाट संकलन गरिएका गोहीका अण्डा र केन्द्रमा नै रहेका गोहीबाट जन्मिएका बच्चाहरूलाई हुर्काएर प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । अहिले केन्द्रमा ६३० गोही रहेका छन् ।


**साउदीमा रोजगार**

कम्पनी : RIYADH AL DANA TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338136 | चलानी नं.६०२५१६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 13 | 0 | 1000 | ३९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Drivers | 10 | 0 | 1800 | ७०,५९० | | | | | | | |

कम्पनी : AL-NAJM AL-THAQIB CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338135 | चलानी नं.६०२५१६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७०,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. — श्रम ईजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**ओमन/कतारमा रोजगार**

कम्पनी : AL-KUWAIT UNITED EST.

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338180 | चलानी नं. ६०२५१७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 1 | 170 | ६५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FLWBRLLTNZYFAT

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 331595 | चलानी नं. ६०२४५३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 5 | 1000 | ४०,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. — Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np


## काइके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शहरतारा बगर, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८२।१०।२१**

यस कार्यालयको लागि चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका ठेक्काका लागि मिति २०८२।०९।०७ को मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E–Submission बाट दर्ता भई तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको र बोलपत्र मूल्यांकन समितिको मिति २०८२।१०।२० को निर्णयानुसार बोलपत्र स्वीकृतिको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि आजको मितिदेखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम | कबोल अंक रु. (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/WORS/ 082-083/02 | Construction of Byasi Gaun Dekhi Banthadha Chilpara Samma Sadak staronnati Aayojana kaike 6 banthada. | B.T. Builders Pvt. Ltd. | 33,79,553.11 |
| 2 | KRM/NCB/WORKS/ 082-083/03 | Construction of Chitika Drinking Water Supply Project | Samasidda Nirman Sewa Pvt. Ltd. | 31,84,529.77 |
| 3 | KRM/NCB/WORKS/ 082-083/04 | Construction of Tuppatara - Riwa Gaun Stone Pitching/Soling Yojana | Samasidda Nirman Sewa Pvt. Ltd. | 28,42,515.2 |
| 4 | KRM/NCB/WORKS/ 082-083/05 | Kola Fing samudayik syau/okhar kheti nirman Project | Budhal Masta Construction | 33,47,943.18 |
| 5 | KRM/NCB/WORKS/ 082-083/06 | Gumbatara syau kheti tatha hop krisi purwadhar nirman yojana | Chyohopata Construction Pvt. Ltd. | 32,93,561.93 |

**प्रमुख प्रशासकीय अधिकृत**

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२१**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते बिवरण | जमानत दिनेको बिवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : सरोज अर्याल**<br>बुबा : रुद्र प्रसाद अर्याल<br>बाजे : नन्द लाल अर्याल<br>ठेगाना : जितपुर-०९, काठमाडौं | **नाम : संगिता खतिवडा**<br>पति : सरोज अर्याल<br>स-बाजे : नन्द लाल अर्याल<br>ठेगाना : जितपुर-०९, काठमाडौं | जितपुर-०९, काठमाडौं<br>वडा नं ०९ क<br>कि.न. ७५१<br>क्षेत्रफल : ०-३-०-० |

**लिलामी तालिका**
**मिति** : २०८२ फाल्गुन २६ गते मंगलबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका सर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नं पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

## नेपाल सरकार
### मत्स्य मानव संसाधन विकास तथा प्रविधि परिक्षण केन्द्र,
जनकपुरधाम, धनुषाको

### बोलपत्र स्विकृती गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१)**

यस केन्द्रबाट मिति २०८२/०८/२८ गते “प्रभाव दैनिक” राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार PPMO Portal www.bolpatra.gov.np/egp (e-bidding) मार्फत् दर्ता हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देहायका बोलपत्रदाताको बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | खरिद कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| FISHERIES/JNK/ NCB/WORKS/ 001/2082/83 | Construction of Boundary wall | श्री गणेश खुशबु निर्माण सेवा, गोडैता-०८, सर्लाही | ३४,९४,८०९.३३ |
| FISHERIES/JNK/ NCB/WORKS/ 002/2082/83 | Construction of Subsurface Feeding canal | सोनि कन्ट्रक्सन, जनकपुरधाम-१५, धनुषा | १६,३६,०४३.० |

**बरिष्ठ मत्स्य विकास अधिकृत**


**बिमालेख हरायो**

मिति २०८२/०८/१५ गते पोखराबाट गोरखा जाने क्रममा मेरो **एलआसी नेपालको बिमालेख** हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः उर्मिलादेवी भट्टराई**
**बिमालेख नं.: १३०००१५९९**
**ठेगानाः हरमटारी-०६, गोरखा**
**सम्पर्क नं.: ९८४६०३५८८३**



**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।१०।१७ गते ललितपुर जिल्ला, साना गाउँ एङ्गल चउर स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्गको बजाज कम्पनीको पल्सर १२५ सि.सि. को मोटरसाइकल रातको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट**
**धनीको नाम : राम बहादुर कामी**
**बाइक नं.: बा.प्र. ५० प ८२०१**
**च्यासिस नं.: MD2B64BXIRPC52009**
**इन्जिन नं. : DHXPRB24942**
**ठेगाना : सिन्धुपाल्चोक, बाह्बिसे न.पा-७**
**सम्पर्क नं. ९७४९८६४५५०**

# प्रभाव दैनिक

बुधबार, २१ माघ २०८२ (Wednesday, 04 February 2026)






### फिल्म 'श्रीनिवास' निर्माण घोषणा

फिल्म 'हरिबहादुरको जुत्ता' निर्माण गरेको एसएम मोसन पिक्चर्सले नयाँ फिल्म 'श्रीनिवास' निर्माण घोषणा गरेको छ। मंगलबार वरिष्ठ कलाकार हरिवंश आचार्य र अभिषेक खड्कालाई मुख्य भूमिकाका लागि अनुबन्धित गर्दै फिल्म घोषणा गरिएको हो। अभिषेकको डेब्यु फिल्म 'कुमारी' यही माघ २३ गतेबाट रिलिज हुँदै छ। उनको यो अभिनयमा दोस्रो फिल्म हुनेछ। हरिवंशले यस ब्यानरमा बनेको 'हरिबहादुरको जुत्ता'मा मुख्य भूमिका निर्वाह गरेका थिए। सरोज ओली र मोहितवंश आचार्यको निर्माण रहेको फिल्मलाई सजन काफ्ले र आकाश बरालले संयुक्त रूपमा निर्देशन गर्नेछन्।



# 'द चेन्ज' लाई नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभलमा अवार्ड

■ प्रभाव संवाददाता




**काठमाडौं–** महिनावारीको समयमा समाजमा व्याप्त कुप्रथालाई उजागर गर्ने नेपाली लघु चलचित्र 'द चेन्ज' (परिवर्तन) ले अन्तर्राष्ट्रिय अवार्ड जितेको छ। काठमाडौंमा सम्पन्न सातौं संस्करणको 'नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल'मा यस चलचित्रले सर्ट फिल्म विधा अन्तर्गत 'स्पेसल मेनसन अवार्ड' प्राप्त गरेको हो।

नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा तीन दिनसम्म चलेको उक्त फेस्टिभलमा चलचित्रका निर्देशक डब्बु क्षत्री, मुख्य अभिनेता प्रवण भुसाल र अभिनेत्री सरिता भारतीले अवार्ड ग्रहण गरे। ३९ देशका ८५ वटा फिल्महरू प्रदर्शन गरिएको यस महोत्सवमा 'द चेन्ज'ले आफ्नो बलियो उपस्थिति जनाएको हो। महिनावारी हुँदा महिलालाई अछुतको रूपमा व्यवहार गर्ने नेपाली समाजको संकीर्ण सोचलाई चलचित्रले मुख्य विषय बनाएको छ।

यो चलचित्रले यसअघि बंगलादेशको बोगुरामा सम्पन्न 'छैटौं बोगुरा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव'मा पनि सोही विधाको अवार्ड जितेको थियो। लगातार अन्तर्राष्ट्रिय मञ्चहरूमा पुरस्कृत भइरहेको यस चलचित्रमा प्रवण भुसाल र सरिता भारतीका साथै कमला जोशी, माधवराज खरेल, शर्मिला शर्मा र सुरज अधिकारीको अभिनय छ।

# नइ शताब्दी पुरस्कार घोषणा



**काठमाडौं (प्रस)–** नइ एकेडेमीबाट नाटककार, आख्यानकार तथा कवि विजय मल्लको शताब्दी महोत्सवका अवसरमा नेपाल र भारतका सात जना स्रष्टालाई 'विजय मल्ल नइ शताब्दी पुरस्कार' प्रदान गरिने भएको छ। यी पुरस्कारका राशि जनही रु २५/२५ हजार रहेका छन्।

मल्लका सिर्जनात्मक योगदानको अध्ययन र विद्यावारिधि अनुसन्धानमा समर्पित भई महत्त्वपूर्ण प्राज्ञिक कार्य गरेबापत यो पुरस्कार घोषणा भएको हो। 'विजय मल्ल नइ शताब्दी पुरस्कार'बाट पुरस्कृत हुने प्राज्ञहरूमा डा रमा शिवाकोटी, डा साधना पन्त 'प्रतीक्षा', डा लेखराज खतिवडा, डा गोपालप्रसाद गैरे, डा भगवानचन्द्र ज्ञवाली, डा नित्यानन्द खतिवडा र प्रा डा कृष्णराज घतानी छन्। नइ एकेडेमीका कुलपति इन्दिरा प्रसाईंका अध्यक्षतामा भएको नइ एकेडेमीको बैठकले उक्त निर्णय गरेको सदस्यसचिव नरेन्द्रराज प्रसाईंले जानकारी दिए।

## रंगशाला

# साफ यु-२० च्याम्पियनसिपको खेल तालिका सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले माल्दिभ्समा आयोजना हुने साफ यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको छ।

आगामी मार्च २३ देखि अप्रिल ४ तारिखसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजना गरिएको छ। जसमा नेपाल समूह 'ए' मा परेको छ। उक्त समूहमा आयोजक माल्दिभ्ससँगै भुटान र श्रीलंका छन्। यसैगरी प्रतियोगिताको समूह 'बी' मा साविक विजेता भारत, बंगलादेश र पाकिस्तान छन्।

नेपालले आफ्नो उद्घाटन खेलमा भुटानको सामना गर्नेछ। यसैगरी नेपालले दोस्रो खेल मार्च २५ तारिखमा श्रीलंकासँग खेल्नेछ भने समूह चरणको अन्तिम खेल २७ मार्चमा माल्दिभ्ससँग हुनेछ।

सिंगल राउन्ड रोबिन लिगपछि प्रत्येक समूहबाट शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्। उक्त च्यापियनसिपको लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले पहिलो चरणमा ८० खेलाडी छनोट गरेको छ।

## विश्वकप वार्मअप

# नेपालको जितमा आरिफ र दीपेन्द्रको शतकीय साझेदारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** आरिफ शेख र दीपेन्द्रसिंह ऐरीको शतकीय साझेदारीसँगै नेपालले आईसीसी पुरुष टी-२० विश्वकपको वार्मअप खेलमा सानदार जित निकालेको छ।

मंगलबार सम्पन्न खेलमा नेपालले युएईलाई ७ विकेटले हराएको हो। युएईले दिएको १४६ रनको लक्ष्य पछ्याएको नेपालले १७ ओभरमा मात्र ३ विकेट गुमाएर १४८ रन बनायो।

नेपालका आरिफले सर्वाधिक ६१ रन बनाए। दीपेन्द्रले ५० रन बनाए। यी दुई अविजित रहे। यी दुईले चौथो विकेटका लागि १०३ रनको साझेदारी गरेका थिए। कप्तान रोहितकुमार पौडेल १६ रनमा आउट हुँदा ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले समान ८ रनको योगदान दिए।

युएईका मुहम्मद रोहिदले एक विकेट लिए। त्यसअघि चेन्नईस्थित एमए चिदम्बरम स्टेडियममा टस हारेर पहिला ब्याटिङ थालेको युएईले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १४५ रन बनाएको थियो।

युएईका सोहेब खानले अविजित रहँदै सर्वाधिक ३८ रन बनाए। हर्षित कौशिकले ३५, ओपनर आर्यन्श शर्मा २५, मुहम्मद जोहैब १९, अलिशान सराफु १२ रनमा आउट हुँदा अन्यले राम्रो प्रदर्शन गर्न सकेनन्। नेपालका करण केसी र सन्दीप लामिछानेले समान २ विकेट लिए।


## साउदीमा रोजगार

कम्पनी : ABDULAZIZ AHMED AL-FARAJ COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338196 | चलानी नं. ६०२५१७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 8 | 0 | 1300 | ५०,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PANDA HUMAN RESOURCE Pvt. Ltd. License No: 1389/074/075
Sukedhara-04, Kathmandu, Nepal., Tel: 01-4370541, Cell: 9851179577, 9801013640
E-mail: info@pandanepal.com, pandahrnepal@gmail.com, Website: pandanepal.com

## मलेसियामा रोजगार

कम्पनी : 1 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 321852 | चलानी नं. ६०२३५९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 7 | 0 | 1700 | ६३,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : ZUHUR BILAD ALSHAMCOPMPANY TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338206 | चलानी नं. ६०२५१७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 18 | 0 | 1200 | ४७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदबरले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Advance Recruitment Service Pvt. Ltd. श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

## साउदीमा रोजगार

कम्पनी : AL BAREZAH COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338268 | चलानी नं. ६०२५१७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | कामदारले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

## कुवेत/युएइमा रोजगार

कम्पनी : BEAUTY WORK LADIES SALON & SPA CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338150 | चलानी नं. ६०२५१६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser/hair Stylist | 0 | 4 | 150 | ७१,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver (Male) | 2 | 0 | 150 | ७१,७९६ | | | | | | | |
| 3. | Manicure/pedicure | 0 | 3 | 150 | ७१,७९६ | | | | | | | |
| 4. | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 150 | ७१,७९६ | | | | | | | |

कम्पनी : CONNECT RESOURCES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 323977 | चलानी नं. ६०२३८१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 3 | Labor | 40 | 0 | 800 | २९,८१५ | | | | | | | |
| 4 | Mason. | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 5 | Steel Fixture | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

कम्पनी : PROFESSIONAL FIX FACILITIES MANAGEMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | LT. No. 338153 | चलानी नं. ६०२५१६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 11 | 1 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BIN ELEVEN COFFEE FOOD SUPPLIES, MILLS & ROASTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | LT. No. 317490 | चलानी नं. ६०२५१६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista (Coffee Shop) | 6 | 3 | 140 | ६७,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | pastries maker | 2 | 0 | 140 | ६७,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## मलेसिया/युएइमा रोजगार

कम्पनी : PROFORCE SQUAD SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 333514 | चलानी नं. ६०२४७१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 36 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DAR ALBALAD FORCONTRACTING AND OPERATION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338270 | चलानी नं. ६०२५१७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 1 | 0 | 1000 | ४०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASER MOHAMED AL-BADDAH & PARTNER FOR GENERAL CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338294 | चलानी नं. ६०२५१७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 100 | 0 | 1500 | ६०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer / Worker/ Building Worker / Worker | 100 | 0 | 1000 | ४०,०४५ | | | | | | | |

कम्पनी : TALENT POWER EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338090 | चलानी नं. ६०२५१७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archive Clerk | 5 | 0 | 1500 | ६०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 30 | 0 | 1500 | ६०,०६५ | | | | | | | |
| 3 | Engineer - Design (Civil) | 5 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 4 | Engineer - Design (Mechanical) | 4 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 5 | Engineer - Electrical | 5 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 6 | Engineer - Performance And Quality | 5 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 7 | Engineer - Project (Quality Contrac | 5 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 8 | Engineer - Safety Operation | 1 | 0 | 6000 | २४०,२६५ | | | | | | | |
| 9 | Engineer Hse | 3 | 0 | 6000 | २४०,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २८ गते (11th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: WIWYNN TECHNOLOGY SERVICE MALAYSIA SDN. BHD.
कम्पनी : वाइविन टेक्नोलोजी सर्भिस मलेसिया एसडीएन. बिएचडी.

Pre Approval Date : 2026-02-03 | LT. No. 338310 | Invoice No. 60251741
पूर्व स्वीकृति मिति : २०८२/१०/२० | एल टि न. ३३८३१० | चलानी नं. ६०२५१७४१

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/ Factory Worker | 500 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,६५५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

COMPANY: WIWYNN TECHNOLOGY SERVICE MALAYSIA SDN. BHD.
कम्पनी : वाइविन टक्नोलोजी सर्भिस मलेसिया एसडीएन. बिएचडी.

Pre Approval Date : 2026-02-03 | LT. No. 338309 | Invoice No. 60251740
पूर्व स्वीकृति मिति : २०८२/१०/२० | एल टि न. ३३८३०९ | चलानी नं. ६०२५१७४०

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 0 | 100 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,६५५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

COMPANY: WIWYNN TECHNOLOGY SERVICE MALAYSIA SDN. BHD.
कम्पनी : वाइविन टेक्नोलोजी सर्भिस मलेसिया एसडीएन. बिएचडी.

Pre Approval Date : 2026-02-03 | LT. No. 338308 | Invoice No. 60251739
पूर्व स्वीकृति मिति : २०८२/१०/२० | एल टि न. ३३८३०८ | चलानी नं. ६०२५१७३९

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 0 | 500 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,६५५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in Basundhara Banquet, Basundhara, Kathmandu on 12 & 13 Feb, 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : बसुन्धार बैंक्वेट, बसुन्धारा, काठमाडौंमा मिति: २०८२ माघ २९ र फागुन १ गते हुनेछ ।
Pre-interview is going on. प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गारिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु. २१०० ।- रोजगारदाताले व्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094, Hotline: 9801108784
9801108785, 9849950198, 9801163051, 9801187709, 9847035020, 9813989909
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



फ्रान्सको पेरिसको मोन्टमार्ट्रमा सूर्योदयको समयमा सेक्रे कोइर बासिलिकाको छेउमा देखिएको पूर्ण चन्द्रमा । *तस्बिरः सिन्ह्वा*

# ट्रम्पले मागे हार्वर्डसँग एक अर्ब डलर क्षतिपूर्ति



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार आफ्नो प्रशासनले हार्वर्ड विश्वविद्यालयसँग एक अर्ब डलर क्षतिपूर्तिको माग गर्ने बताएका छन् । उनका अनुसार भविष्यमा हार्वर्डसँग कुनै थप सहकार्य गर्ने योजना पनि छैन । राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमा लेख्दै हाल एक अर्ब डलर क्षतिपूर्तिको माग अघि सारिएको र हार्वर्ड विश्वविद्यालयसँग अब थप कुनै काम गर्न नचाहेको उल्लेख गरेका छन् ।

ट्रम्प प्रशासनका अधिकारीहरूले हार्वर्डसहित केही प्रतिष्ठित कलेजहरूले तथाकथित 'वेक' विचारधारालाई प्रवर्द्धन गरेको आरोप लगाएका छन् । उनीहरूका अनुसार प्यालेस्टाइन समर्थक विरोध प्रदर्शनका क्रममा यहुदी विद्यार्थीहरूलाई पर्याप्त सुरक्षा दिन ती संस्थानहरू असफल भएका थिए । यस विषयमा कानुनी उजुरी दर्ता गरिएको र अत्यधिक भुक्तानीको माग अघि सारिएको बताइएको छ ।

आलोचकहरूले भने यस कदमलाई उदार विश्वविद्यालयहरूमाथि प्रशासनको दबाब अभियानका रूपमा व्याख्या गरेका छन् । यसअघि आइभी लिगकै अर्को संस्था कोलम्बिया विश्वविद्यालयले गत गर्मीमा ट्रम्प प्रशासनलाई २० करोड डलर तिर्न सहमति जनाएको थियो । सो सम्झौताअन्तर्गत विश्वविद्यालयले भर्ना र भर्ती प्रक्रियामा जातीय आधारलाई ध्यानमा नलिने नियमहरू पालना गर्ने वाचा गरेको थियो ।

तर न्युयोर्क टाइम्सले सोमबार लामो वार्तापछि हार्वर्डबाट २० करोड डलर भुक्तानीको माग आफ्नो प्रशासनले खारेज गरेको रिपोर्ट गरेको छ । गत सेप्टेम्बरमा राष्ट्रपति ट्रम्पले हार्वर्डसँग ५० करोड डलरको सम्झौतामा पुग्न वार्ता नजिक पुगेको जानकारी पत्रकारहरूलाई दिएका थिए । सो सम्भावित सम्झौतामा ट्रेड स्कुलहरू खोल्ने प्रस्ताव पनि समावेश रहेको बताइएको थियो ।

तर सोमबार साँझको पोस्टमा ट्रम्पले हार्वर्डले अघि सारेको रोजगार प्रशिक्षणसम्बन्धी अवधारणा जटिल र अपर्याप्त भएकाले अस्वीकार गरिएको बताएका छन् । उनका अनुसार सो प्रस्ताव सफल नहुने निष्कर्षमा प्रशासन पुगेको थियो ।

राष्ट्रपति ट्रम्पले हार्वर्डले गम्भीर र जघन्य अवैध काम गरेको आरोप लगाउँदै ५० करोड डलरभन्दा बढीको नगद सेटलमेन्टबाट उम्किन खोजेको टिप्पणी गरेका छन् । यद्यपि, उनले हार्वर्डले कुन-कुन कानुन उल्लंघन गरेको हो भन्ने स्पष्ट विवरण दिएका छैनन् । यसैबीच, आइभी लिगकै अर्को संस्था युनिभर्सिटी अफ पेन्सिलभेनियाले पनि गत वर्ष ट्रम्प प्रशासनको दबाबपछि ट्रान्सजेण्डर महिलाहरूलाई महिला खेलकुदमा सहभागी हुन प्रतिबन्ध लगाउने घोषणा गरेको थियो । *रासस⁄एएफपी*

# अमेरिका-भारत व्यापार सम्झौतामा खुसी र सतर्कता

**मुम्बई–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको अमेरिका-भारत व्यापार सम्झौतालाई भारतले खुसीका साथ स्वागत गरेको छ । यस सम्झौताले राष्ट्रका निर्यात वस्तुहरूमा कर कटौती गर्ने प्रतिज्ञासँगै महिनौंदेखि कायम अनिश्चितताको अन्त्य गर्ने अपेक्षा गरिएको छ । यद्यपि, विश्लेषकहरूले यसको कार्यान्वयन र विवरणबारे सतर्क रहन आग्रह गरेका छन् ।

ट्रम्पले प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन युद्धका सन्दर्भमा रुसी तेल खरिद बन्द गर्ने वाचा गरेपछि यो सम्झौता सम्भव भएको बताएका छन् । उनले गत वर्ष लागू गरिएको २५ प्रतिशत कर घटाएर १८ प्रतिशतमा झार्ने घोषणा गरेका हुन् । साथै, नयाँदिल्लीले अमेरिकी ऊर्जा, प्रविधि, कृषि, कोइला तथा अन्य वस्तुहरू पाँच खर्ब डलरभन्दा बढी मूल्यका खरिद गर्न सहमत भएको पनि उनले बताएका छन् । भारतको रुसी तेल खरिदमा लगाइएको अतिरिक्त २५ प्रतिशत शुल्क हटाइएको ह्वाइट हाउसका एक अधिकारीले बताए ।

गत वर्ष अप्रिलमा व्यापक शुल्क घोषणा भएयता वासिङ्टनले धेरै मुलुकसँग सम्झौता गरिसकेको भए पनि भारतीय अधिकारीहरू यस प्रक्रियामा पछि परेका थिए । सम्झौता नहुँदा लगानीकर्ताहरू विचलित भएका थिए र विदेशी कोषहरूले भारतीय बजारबाट २० अर्ब डलरभन्दा बढी पुँजी फिर्ता लगेका थिए ।

तर सोमबार ढिलो गरिएको घोषणापछि बजारले सकारात्मक प्रतिक्रिया देखाएको छ । मुम्बईको बेञ्चमार्क निफ्टी सूचकांक खुल्नेबित्तिकै करिब पाँच प्रतिशतले बढेको थियो । भारतीय निर्यात संगठन महासंघले यो सम्झौतालाई 'सबै सम्झौताको पिता' को संज्ञा दिएको छ । महासंघका अनुसार यसबाट धेरै क्षेत्रमा अर्डर तीव्र रूपमा बढ्ने अपेक्षा गरिएको छ । महासंघका महानिर्देशक अजय सहायले अब भारतीय निर्यातकर्ताहरू दक्षिणपूर्वी तथा दक्षिण एसियाली प्रतिस्पर्धीसँग समान हैसियतमा प्रतिस्पर्धा गर्न सक्ने बताएका छन् ।

उच्च अमेरिकी शुल्कका कारण ढिलाइमा परेका परिधान र जुत्ता उद्योगले तत्काल राहत महसुस गर्ने उनको भनाइ छ । सामान्यतया गर्मी सिजनका अर्डरहरू डिसेम्बरसम्ममा टुंग्याइने भए पनि शुल्कका कारण धेरै अर्डर रोकिएको र अब ती पुनः भारततर्फ फर्किन थालेको उनले बताए ।

स्मार्टफोन र जेनेरिक औषधि केही हदसम्म सुरक्षित भए पनि श्रमप्रधान उद्योग, समुद्री उत्पादन तथा रत्न-गहना क्षेत्र बढी प्रभावित भएका थिए । सी-फुड एक्सपोर्टर्स एसोसिएसन अफ इण्डियाका जी पवन कुमारका अनुसार अघिल्लो उच्च करका कारण अमेरिकी बजारमा निर्यात घटेको थियो । भन्सार शुल्क १८ प्रतिशतमा झरेपछि समुद्री उत्पादनको निर्यात पुनः बढ्ने र अघिल्लो स्तरमा पुग्ने अपेक्षा गरिएको छ ।

यद्यपि, विश्लेषकहरूले सम्झौताका धेरै पक्ष अझै स्पष्ट नभएको औंल्याएका छन् । भारतले अमेरिकी वस्तुमा शुल्क शून्यमा झार्ने दाबी र कृषिजस्तो संवेदनशील क्षेत्रमा पहुँचको विषयमा अझै प्रश्नहरू उठिरहेका छन् । अर्थशास्त्री विश्वजीत धरले सम्झौताबाट फाइदा भए पनि ठूलो तस्बिर स्पष्ट नभएको बताए ।

दिल्लीस्थित थिंकट्याांक ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवले पाँच खर्ब डलर खरिदको लक्ष्यलाई आकांक्षामात्र ठानेका छन् । उनका अनुसार संयुक्त वक्तव्य, वार्ताको पाठ र कार्यान्वयनमा स्पष्टता नआएसम्म यसलाई अन्तिम सम्झौताभन्दा राजनीतिक संकेतकै रूपमा हेर्नु उपयुक्त हुने छ । *रासस⁄एएफपी*

# अमेरिकासँग वार्ताको संकेत

**दुबई–** इरानका मसुद पेजेस्कियानले संयुक्त राज्य अमेरिकासँग 'निष्पक्ष र न्यायसंगत वार्ता' गर्न चाहेको स्पष्ट संकेत दिएका छन् । उनले विदेशमन्त्रीलाई यससम्बन्धी पहल अघि बढाउन निर्देशन दिएको बताएका हुन् । गत महिना राष्ट्रव्यापी विरोध प्रदर्शनको कठोर दमनपछि वासिङ्टनसँग तनाव चर्किएका बेला तेहरानबाट आएको यो पहिलो प्रत्यक्ष सन्देश मानिएको छ ।

यस घोषणालाई सुधारवादी राष्ट्रपति पेजेस्कियानका लागि महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ । पछिल्ला हप्ताहरूमा देशभित्रको अस्थिरता आफ्नो नियन्त्रणभन्दा बाहिर गएको चेतावनी दिँदै आएका उनले अब कूटनीतिक बाटो खोल्न खोजेको देखिएको छ । यसले सर्वोच्च नेता आयातोल्लाह अली खमेनीबाट पनि वार्ताका लागि सहमति प्राप्त भएको संकेत दिने विश्लेषकहरूको भनाइ छ ।

क्षेत्रीय मध्यस्थतामा टर्कीले पर्दापछाडि प्रयास गरिरहेको बताइएको छ । अमेरिकी मध्यपूर्व दूत स्टिभ विटकफ यस क्षेत्रको भ्रमणमा रहेका छन् । तर वार्ता सफल हुन्छ कि हुँदैन भन्ने अझै अनिश्चित छ, किनकि राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रमलाई वार्ताको मुख्य सर्त बनाइरहेका छन् ।

राष्ट्रपति पेजेस्कियानले सामाजिक सञ्जालमार्फत अंग्रेजी र फारसी भाषामा लेख्दै क्षेत्रका मित्रवत् सरकारहरूको आग्रहपछि यो निर्णय लिइएको जानकारी दिएका छन् । उनले गरिमा, विवेक र निष्पक्षताका आधारमा, धम्की र अनुचित अपेक्षाविना वार्ता हुनुपर्ने बताएका छन् ।

संयुक्त राज्य अमेरिकाले औपचारिकरूपमा वार्ता सुरु भएको स्वीकार गरेको छैन । तर ट्रम्पले सोमबार ओभल अफिसमा पत्रकारहरूसँग कुरा गर्दै इरानसँग संवाद जारी रहेको र सम्झौता हुन सके राम्रो हुने बताएका छन् । उनले समाधान ननिस्किए गम्भीर परिणाम आउन सक्ने चेतावनीसमेत दिएका छन् । *रासस⁄एपी*

# जापानको गहिरो समुद्रमा दुर्लभ पृथ्वी तत्वको खोज

**टोकियो–** जापानले गहिरो समुद्री परीक्षण मिसनका क्रममा समुद्रको करिब छ हजार मिटर गहिराइबाट दुर्लभ पृथ्वी तत्वहरू भएको खनिजयुक्त जमेको पदार्थ सफलतापूर्वक पुनः प्राप्त गरेको जनाएको छ । सोमबार सरकारद्वारा सार्वजनिक गरिएको यो जानकारी बहुमूल्य खनिज आपूर्तिका लागि चीनमाथिको निर्भरता घटाउने जापानको दीर्घकालीन रणनीतिसँग जोडिएको छ ।

सरकारी भनाइअनुसार यति ठूलो गहिराइमा पुगेर गहिरो समुद्री खनिजयुक्त जमेको पदार्थबाट दुर्लभ पृथ्वी तत्व निकाल्ने यो विश्वकै पहिलो प्रयास हो । यस सफल परीक्षणलाई जापानले प्राविधिक र रणनीतिक दुवै दृष्टिले महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ । सरकारी प्रवक्ता केई सातोले नमूनामा कति मात्रामा दुर्लभ पृथ्वी तत्व समावेश छन् भन्ने विषयमा विस्तृत विश्लेषण गरिने जानकारी दिए । उनका अनुसार यो उपलब्धि आर्थिक सुरक्षाका साथै समग्र समुद्री विकासको दृष्टिकोणबाट पनि अर्थपूर्ण रहेको छ ।

गत महिना 'चिक्यु' नामक गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुंगाले प्रशान्त महासागरको दुर्गम टापु मिनामी तोरिशिमातर्फ यात्रा गरी नमूना संकलन गरेको थियो । उक्त क्षेत्र वरपरको समुद्री सतहमा बहुमूल्य खनिजहरूको उल्लेखनीय भण्डार रहेको विश्वास गरिएको छ । यो खोज यस्तो समयमा सार्वजनिक भएको छ, जतिबेला दुर्लभ पृथ्वी तत्वको विश्वकै सबैभन्दा ठूलो आपूर्तिकर्ता चीनले जापानमाथि विभिन्न माध्यमबाट दबाब बढाइरहेको छ । नोभेम्बरमा प्रधानमन्त्री साने ताकाइचीले ताइवानसम्बन्धी क्षेत्रीय सुरक्षा अवस्थाबारे धारणा व्यक्त गरेपछि टोकियो र बेइजिङबीचको सम्बन्ध संवेदनशील बन्दै गएको थियो ।

यसै सन्दर्भमा बेइजिङले सम्भावित सैन्य प्रयोग हुनसक्ने 'दोहोरो प्रयोग' वस्तुहरूको जापानतर्फ निर्यात रोकिसकेको छ । ती वस्तुहरूमध्ये केही दुर्लभ पृथ्वी तत्व समूहमा पर्ने भएकाले जापानमा आपूर्ति अवरुद्ध हुनसक्ने चिन्ता बढेको छ । दुर्लभ पृथ्वी तत्व भन्नाले पृथ्वीको माथिल्लो तहबाट निकाल्न कठिन १७ प्रकारका धातुहरूलाई जनाउँछ । यी तत्वहरू विद्युतीय सवारीसाधन, हार्डड्राइभ, विण्ड टर्बाइनदेखि मिसाइल प्रणालीसम्म अत्यावश्यकरूपमा प्रयोग गरिन्छ ।

जापानको विशेष आर्थिक जलक्षेत्रभित्र पर्ने मिनामी तोरिशिमाको वरपरको क्षेत्रमा एक करोड ६० लाख टनभन्दा बढी दुर्लभ माटो रहेको अनुमान गरिएको छ । जापानी व्यावसायिक दैनिक निक्केईका अनुसार यो विश्वकै तेस्रो ठूलो दुर्लभ पृथ्वी भण्डार हो । *रासस⁄एएफपी*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/२१ गते**

यस कम्पनीको मिति २०८२/०८/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **एस.डि.एन.टेक्नोलोजी** (दर्ता नं. २३१८३७) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/२८ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **टेकवेब ट्रेडिङ (प्रा.लि.नं. २३१८३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६६/१०/१९ मा दर्ता भएको श्री **श्री मेगा पब्लिकेशन एण्ड रिसर्च सेन्टर प्रा. लि. (प्रा. लि. नं. ७०१११)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२१**

**कर्तब्य फुड्स प्रा. लि.** को मिति २०८२/०८/०७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **फुड पार्क प्रा. लि. (दर्ता नं. २६२०७१)** कायम गर्ने गरी मिति २०८२/०८/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

**Invitation For Bids**

**Date of publication: 2082-10-21(4th Feb,2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Works | Estimated Amount (Exclusive VAT & PS) | Bid Security NRs | Bid Docs Fee | Bid Validity Period | Bid Bond Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 31/NCB/WORKS/BRDG/KPLRM-2082/083 | Construction of Land Development of Ward Office at KPLRM -01, Solukhumbu | 1,458,811.70 | 40,000.00 | 3,000.00 | 90 Days | 120 Days | |
| 32/NCB/WORKS/BRDG/KPLRM-2082/083 | Construction of Bridge at Arya at KPLRM -05 | 1957,196.31 | 50,000.00 | 3,000.00 | 90 Days | 120 Days | |
| 33/NCB/WORKS/BRDG/KPLRM-2082/083 | Construction of Bridge at Maralung Lungden at KPLRM -05 | 1,953,528.35 | 50,000.00 | 3,000.00 | 90 Days | 120 Days | |
| 34/NCB/WORKS/BRDG/KPLRM-2082/083 | Construction of Bridge at Thame Basti at KPLRM -05 | 1,956,931.10 | 50,000.00 | 3,000.00 | 90 Days | 120 Days | |
| 35/NCB/WORKS/ROAD/KPLRM-2082/083 | Construction of Samde Barkhebhel Roktham tatha Bebasthapan at KPLRM -05 | 1,957,230.94 | 50,000.00 | 3,000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupas-anglhamumun@gmail.co

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | २९०३०० | ० | ५३३५ |

# नेप्से पुनर्संरचनाका लागि रणनीतिक साझेदार भित्र्याउन सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) को संरचनात्मक सुधार, पुँजी वृद्धि र स्वामित्व पुनःसंरचनाका लागि रणनीतिक साझेदार भित्र्याउने सुझावसहित अध्ययन समितिले सरकारलाई प्रतिवेदन बुझाएको छ।

अर्थ मन्त्रालयले मंगलबार सार्वजनिक गरेको 'नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचनासम्बन्धी सुझाव समिति, २०८२' को प्रतिवेदनले पुँजी वृद्धिका लागि रणनीतिक साझेदार भित्र्याउन सुझाव दिएको हो। गत मङ्सिर २ गते बसेको मन्त्रिपरिषद् बैठकले वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट प्रकाशजंग थापाको संयोजकत्वमा गठन गरेको छ सदस्यीय 'नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचनासम्बन्धी सुझाव समिति, २०८२' ले नेप्सेलाई आधुनिक, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सुधार सिफारिस गरेको हो।

समितिको प्रतिवेदनले पुँजीबजारको विस्तारसँगै नेप्से हालको संरचना र कार्यशैलीबाट आगामी चुनौती सामना गर्न असक्षम देखिएको निष्कर्ष निकालेको छ। प्रविधि, व्यवस्थापन, सेवा विस्तार र संस्थागत सुशासनमा आमूल सुधार नगरे नेप्से क्षेत्रीय तथा अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी बन्न नसक्ने प्रतिवेदनको ठहर छ।

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ अनुसार दोस्रो बजार सञ्चालकका रूपमा नेप्सेले न्यूनतम रु तीन अर्ब चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था छ। तर प्रविधि आधुनिकीकरण, मानव संशाधन, भौतिक पूर्वाधार, अनुसन्धान तथा विकास र सहायक सेवा विस्तारका लागि निरन्तर ठूलो लगानी आवश्यक पर्ने भएकाले हालको पुँजी संरचना अपर्याप्त देखिएको समितिको निष्कर्ष छ। यस सन्दर्भमा समितिले तत्कालका लागि बोनस शेयर जारी गरेर रु तीन अर्बको चुक्ता पुँजी पुर्‍याउने विकल्प उपयुक्त हुने सुझाएको छ। दीर्घकालीन रूपमा भने नेप्सेको विकास र विस्तारका लागि हकप्रद शेयर वा थप नयाँ शेयर जारी गर्नुपर्ने आवश्यकता देखिएको छ। तर पुँजी वृद्धि गर्नुअघि नेप्सेको रणनीतिक साझेदारको हुने भन्ने विषयमा स्पष्टता आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ।

समितिले नेप्से हालकै स्वामित्व र संरचनामा सञ्चालन गर्दा भविष्यका अवसर उपयोग गर्न र चुनौती सामना गर्न कठिन हुने ठहर गरेको छ। सरकारी तथा सरकारी स्वामित्व भएका संस्थाको बाहुल्यताले निर्णय प्रक्रिया सुस्त, नवप्रवर्तन कमजोर र उत्तरदायित्व अस्पष्ट बनेको निष्कर्ष निकाल्दै समितिले स्वामित्व संरचनामा परिवर्तन अपरिहार्य भएको बताएको छ। यसका लागि प्रमुख रूपमा रणनीतिक साझेदार भित्र्याउने प्रस्ताव गरिएको छ। समितिका अनुसार नेप्सेलाई आवश्यक प्राविधिक, व्यवस्थापकीय ज्ञान र आधुनिक पूर्वाधारको 'ग्याप' पूर्ति गर्न अन्तरराष्ट्रियस्तरको रणनीतिक साझेदार आवश्यक छ।

अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्दा स्टक एक्सचेञ्जहरूमा रणनीतिक साझेदारलाई ४० प्रतिशतसम्म स्वामित्व दिएको उदाहरण पाइए पनि नेपालका सन्दर्भमा १५ देखि २५ प्रतिशतसम्म स्वामित्व उपयुक्त हुने समितिको सिफारिस छ। रणनीतिक साझेदारलाई प्रदान गरिने शेयर कम्तीमा १० वर्षको 'लक-इन' अवधिसहित हुनुपर्ने उल्लेख गरिएको छ।

रणनीतिक साझेदार छनोट गर्दा विश्वका शीर्ष २० स्टक एक्सचेञ्जमध्ये पर्ने कम्तीमा २० वर्षको सञ्चालन अनुभव भएको, अन्य स्टक एक्सचेञ्जको व्यवस्थापन वा साझेदारीको अनुभव राख्ने, आधुनिक सूचना प्रविधि र लगानी उपकरण प्रयोग गरेको, तथा वर्ल्ड फेडेरेसन अफ एक्सचेञ्जको पूर्ण सदस्य भएको हुनुपर्ने मापदण्ड तोकिएको छ। साथै नेप्सेको सञ्चालक समितिमा रणनीतिक साझेदारबाट अनिवार्य रूपमा एक जना विज्ञ सञ्चालक प्रतिनिधित्व गराइनुपर्ने प्रस्ताव छ।

रणनीतिक साझेदार ल्याउन नयाँ शेयर जारी गर्ने वा हालका शेयरधनीले आफ्नो स्वामित्व बिक्री गर्ने दुई विकल्प देखिए पनि, सरकारी विनिवेश प्रक्रिया लामो र जटिल हुने भएकाले नेपाल सरकारबाहेकका अन्य शेयरधनीले आफ्नो शेयर बिक्री गरी रणनीतिक साझेदार भित्र्याउनु व्यावहारिक हुने समितिको निष्कर्ष छ।

प्रतिवेदनले सरकारी स्वामित्व भएका संस्थामा देखिने संरचनात्मक कमजोरी नेप्सेमा पनि विद्यमान रहेको औँल्याउँदै सरकारी लगानी क्रमशः विनिवेश गर्नुपर्ने सरकारको हालको नीतिसँग नेप्सेको पुनःसंरचना मेल खाने बताएको छ। अन्तरराष्ट्रिय मापदण्डअनुसार सम्पत्ति तथा दायित्व मूल्यांकन, व्यावसायिक एकाधिकार र संस्थागत साखको 'पियर रिभ्यु'का आधारमा प्रतिशेयर मूल्य निर्धारण गरी सरकारी शेयर रणनीतिक साझेदार, वित्तीय संस्था र सर्वसाधारणलाई बिक्री गर्न सकिने प्रस्ताव गरिएको छ। तर सम्पूर्ण सरकारी स्वामित्व एकैपटक बिक्री गर्दा साना लगानीकर्ताको विश्वास कमजोर हुने, निजी एकाधिकार बढ्ने र बजार स्वनियमन कमजोर हुनसक्ने जोखिम औँल्याउँदै समितिले आवश्यक परे आंशिक स्वामित्व कायम राख्दै विनिवेश गर्न सकिने विकल्प पनि खुला राख्नुपर्ने सुझाव दिइएको छ।

सरकारी स्वामित्व आंशिक विनिवेश हुँदा नेपाल सरकारको २५ प्रतिशत, रणनीतिक साझेदार वा नेपाल राष्ट्र बैंकको २५ प्रतिशत, 'क' वर्गका वाणिज्य बैंक तथा कर्मचारी सञ्चय कोषको करिब ३५ प्रतिशत, विकास बैंक तथा बीमा कम्पनीको १५ प्रतिशत र अन्यको ०.६१ प्रतिशत स्वामित्व रहने प्रस्ताव गरिएको छ।

पूर्ण विनिवेशको अवस्थामा भने रणनीतिक साझेदार २५ प्रतिशत, वाणिज्य बैंक तथा कर्मचारी सञ्चय कोष ४० प्रतिशत, विकास बैंक तथा बिमा कम्पनी २० प्रतिशत, सर्वसाधारण १५ प्रतिशत र अन्य ०.६१ प्रतिशत स्वामित्व कायम हुने खाका अघि सारिएको छ। समितिले नेप्सेको सञ्चालक समिति पुनःसंरचना गर्दै स्वतन्त्र विज्ञ सञ्चालकको बहुल्यता कायम गर्नुपर्ने सिफारिस गरेको छ।



**बजार लैजाने तयारीमा** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ हिस्तान दोसल्लेका किसानहरू बगैँचामा टिपेको सुन्तला ग्रेडिङ गरेर बजार पठाउने तयारी गर्दै। दोसल्लेका ४५ घरपरिवार किसानले यस वर्ष करिब रु दुई करोड मूल्य बराबरको सुन्तला उत्पादन गरेका छन्। उनीहरूले देशका अन्य ठाउँका बगैँचाको सुन्तला निख्रिएपछि टिपेर बजार पठाउन थालेका हुन्। *तस्बिरः सन्तोष गौतम/रासस*

# तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावितलाई मुआब्जा निर्धारण

■ प्रभाव संवाददाता

**दमौली–** ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित १० घरपरिवारलाई मुआब्जा निर्धारण गरिएको छ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा हालै बसेको मुआब्जा निर्धारण समितिको बैठकले लोक्पा, धारापानी, धोक्लाक, बुल्साट र झापुटार क्षेत्रमा आयोजना निर्माणका क्रममा भएको क्षतिका आधारमा मुआब्जा निर्धारण गरिएको आयोजनाले जनाएको छ।

यस्तै, समितिको स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा व्यास नगरपालिका-१४ सोढेमा दमौली भरतपुर प्रसारण लाइनअन्तर्गत टावरको रिटेनिङ वाल निर्माणका क्रममा क्षति पुगेका सुन्तलाका बोटको क्षतिपूर्ति निर्धारण गरिएको छ साथै जलाशय तथा बफर जोन क्षेत्रमा पर्ने ऐलानी प्रयोगकर्ता तथा अव्यवस्थित बसोबासीले माग गरेको क्षतिपूर्तिको विषयलाई सम्बोधन गर्न मुआब्जा निर्धारण समितिको बसेको थियो।

▸▸ आयोजनाको प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरण र प्याकेज-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको छ।

सो बैठकले मन्त्रिपरिषद् बैठकबाट आयोजनाको जलाशय तथा बफर जोनको सीमांकनभित्र लामो समयदेखि खेती, उपयोग, बसोबास भई आएका ऐलानी जग्गासम्बन्धी स्थलगत अध्ययन तथा सर्वेक्षण गर्न मुआब्जा निर्धारण समितिलाई तोकिएको अतिरिक्त जिम्मेवारीका विषयमा छलफल भएको थियो।

आयोजनाको प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरण र प्याकेज-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको छ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्नेगरी वित्तीय व्यवस्थापन गरिएको छ।

# सेफ श्रेष्ठ युएईमा पुरस्कृत




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेफ राहुलबाबु श्रेष्ठ युएईमा आयोजित एक प्रतियोगितामा अब्बल ठहरिएर पुरस्कृत भएका छन्। द गोल्ट एन्ड मिलो-२०२६ अवार्ड समारोहमा व्यक्तितर्फ श्रेष्ठसहित पाँचजना सेफहरू पुरस्कृत भएका हुन्। उनीहरूलाई युएईको प्रतिष्ठित होटल एटलान्टिस द रोयलमा २ फेब्रुअरी २०२६ मा आयोजित एक समारोहमा पुरस्कृत गरिएको हो।

श्रेष्ठले 'फ्युचर ग्रेट अफ द इयर' विधाको सर्टलिस्टमा परेकामध्ये चार सहभागीलाई उछिन्दै अवार्ड हात पारेका हुन्। यो विधाको सर्टलिस्टमा श्रेष्ठसहित पाँचजना प्रतियोगी थिए। श्रेष्ठ युएईको टु मिसेलिन स्टार रेस्टुरेन्ट 'रो अन ४५'मा हेड सेफको रूपमा कार्यरत छन्। उक्त समारोहमा १२ वटा रेस्टुरेन्टहरू पनि विभिन्न विधामा पुरस्कृत भएका थिए।

श्रेष्ठ विश्वका सर्वाधिक प्रतिष्ठित फाइन डाइनिङ नामहरूको सूचीमा समेटिएका सेफ हुन्। उनी मिसेलिन गाइड २०२५ मा लगातार दोस्रो वर्ष दुई मिसेलिन स्टार कायम राख्न सफल सेफ पनि हुन्। उनको सफलताले विश्वस्तरीय पाककला क्षेत्रमा उच्चतम स्तरको उत्कृष्टता र नवप्रवर्तन कायम राख्न सक्ने क्षमता प्रमाणित गरेको छ।

बेलायतको युनिभर्सिटी अफ इस्ट एंग्लियामा अध्ययन गरेका उनी नेपालको प्रतिष्ठित व्यावसायिक घराना चितवन को-ई समूहका निर्देशक राजेशबाबु श्रेष्ठका छोरा हुन्। परिवारका अन्य सदस्यभन्दा फरक पाककला क्षेत्रको करिअर रोजेका राहुलले विश्वविद्यालयको अध्ययन सकाएपछि ले म्यान्वार ओ क्वा सैजों र मार्कस वेयरिङको 'द स्क्वायर' जस्ताप्रसिद्ध मिसेलिन-स्टार प्राप्त भान्साहरूमा प्रशिक्षण लिए। त्यसपछि लन्डन, सिंगापुर र नर्वेका ख्यातिप्राप्त रेस्टुरेन्ट हुँदै उनी युएईको 'रो अन ४५' मा पुगेका हुन्।


## सरुमारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८२।१०।२१

यस कार्यालय बाट मिति २०८२/०८/१७ गते प्रकाशित बोलपत्र आह्वान को सूचना नं.SRM/NCB/Works- 07/082/083 ऐरावती, बड्डाँडा, पुठाखोला, दाङ सडक स्तरोन्ती योजना निर्माण कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मुल्याकंन समितिले मुल्याकंन गर्दा तपसिलमा उल्लेखित खरिद कार्यको लागि निम्न बोलपत्रदाताहरु बोलपत्र तथा सूचनामा उल्लेख भएको योग्यताको आधारमा सफल भई सारभुत रुपमा प्रभावग्राही भएको पाइएको हुदाँ सार्वजनिक खरीद नियमावली, २०६४ (संसोधन सहित) को नियम ३१(ज) को उपनियम (५) बमोजिम निम्न बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८२/१०/२८ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | खरिद नं र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | SRM/NCB/Works- 07/082/083 Construction of Aairawati Baddanda Puthakhola Dang Sadak Starunnati | New Ammbe Nirmansewa | |
| २. | | RAMKRISHNA-JANA J.V. | |
| ३. | | Blue Heights- Rajpur J.V. | |
| ४. | | Jayshree-Utsav J.V | |

प्रमुख प्रशासकीय अधिकृत


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ